Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

'मीर', गालिब, इकबाल

.859
रमी

देवेन्द्र राज उपाध्याय

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

०६२। ५८

igitization by Hindu-Heritage-Foundation of America. HHFA(US/

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

'मीर', गालिब, इकबाल

८९१.४३९
उ५२मी

दिल्ली रमण रेग्मी कल्याणी रेग्मी स्मारक पुस्तकालय
Dilli Raman Regmi Kalyani Regmi Memorial Library
1997
Kathmandu, Nepal
काठमाण्डौ, नेपाल

देवेंन्द्र राज उपाध्याय

प्रकाशक: अल इण्डिया मीर एकेडेमी

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

सर्वाधिकार सुरक्षित

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव
श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह

igitization by Hindu-Heritage-Foundation of America. HHFA(US/

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

समर्पण

नेपाली साहित्य, कला एवं संस्कृतिका संरक्षक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव एवं साहित्य प्रति अत्यन्त अनुराग राखी बक्सने कवियत्री श्री ५ बडा महारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाहका जुनाफमा सभक्ति संयुक्त समर्पित ।

igitization by Hindu-Heritage-Foundation of America. HHFA(US/

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

समर्पण

नेपाली साहित्य, कला एवं संस्कृतिका संरक्षक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव एवं साहित्य प्रति अत्यन्त अनुराग राखी बक्सने कवियत्री श्री ५ बडा महारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाहका जुनाफमा सभक्ति संयुक्त समर्पित।

igitization by Hindu-Heritage-Foundation of America. HHFA(US/

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

दुई शब्द

जीवनको स्पन्दन मूर्त रूपमा प्रतिबिम्बित गर्ने उत्कृष्ट साधन कविता नै हो भनी मान्नु पर्दछ । लय र गति दुवैको सुमधुर संयोग हुने कविताले अन्तर्हृदयलाई अत्यन्त रूपले प्रभावित पार्दछ ।

वास्तवमा सृष्टिनै एक अलौकिक स्पन्दन हो । यस ईश्वरीय स्पन्दनको मूललाई अज्ञान र अन्धकारको दोसाँधबाट अनुभव गर्न गहारो हुन्छ । कवितामा कविले सृष्टिको यस स्पन्दनलाई मूर्तरूप दिने प्रयत्न गरेको देखिन्छ ।

प्रस्तुत पुस्तकमा उर्दूका तीन महान् कविहरू 'मीर', 'गालिब' र 'इकबालका' केही कविताहरूको नेपाली भाषान्तर गर्ने प्रयत्न गरिएको छ । गजल तर्फ 'मीर' र 'गालिब' अतुलनीय मानिन्छन् । 'इकबाल' आधुनिक युगका सर्वश्रेष्ठ उर्दू कवि हुन् ।

उर्दूका कविहरूले उर्दूका अतिरिक्त हिन्दी, फारसी, अरबी र तुर्की शब्दहरू पनि प्रयोग गर्ने हुँदा, उर्दू कविता अभिव्यक्तिमा अत्यन्त सशक्त र समृद्ध छ । स्यामुएल टेलर कालरिजले कविताको व्याख्या गरे जस्तै उर्दू कवितामा सबभन्दा उपयुक्त शब्दहरू सबभन्दा उपयुक्त क्रममा हुन्छन् ।

मीर, गालिब र इकबालका कविताहरू कारलायल, रस्किन तथा मिल्टनद्वारा कविताका सम्बन्धमा गरेका व्याख्या अन्तर्गत आउने मलाई लाग्दछ । मीरका कविता यदि "संगीतमय विचार हो" भने गालिबका

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कविता "कल्पना शक्तिद्वारा उदात्त मनोवृत्तिहरूको श्रेष्ठ आलम्बनको व्यञ्जना हो।" इकबालको कविता "त्यो कला हो जसमा कल्पना शक्ति विवेकको सहायक बनेर सत्य औ आन्दनको परस्पर सम्मिश्रण गर्दछ।"

प्रस्तुत पुस्तकलाई नेपाली साहित्य, कला एवं संस्कृतिका संरक्षक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव एवं साहित्यप्रति अत्यन्त अनुराग राखी बक्सने श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मी देवी शाहका जुनाफमा सभक्ति संयुक्त समर्पणका निमित्त निगाहपूर्ण स्वीकृति पाएकोमा मौसूफ सरकारहरूको असीम उदारताप्रति विनम्र श्रद्धा–भक्ति प्रकट गर्दै आफूलाई गौरवान्वित अनुभव गर्दछु । वास्तवमा, श्री चांदनी शाहका कविताहरू उर्दू कविताहरू जस्तै सजीव कोमल एवं माधुर्यले भरिका छन् । उहाँको एक कविता बांरबार प्रतिध्वनित हुन्छः

"इच्छा आकांक्षा अनि अभिलाषा तिम्रा
मैले एक कण पुऱ्याउन सके हुन्छ
जीवनका निराशा र थकाइहरूमा तिम्रा
मैले आशा र विश्राम बिछ्याउन सके हुन्छ ।"

अन्तमा, प्रस्तुत पुस्तकमा आफ्नो मन्तव्य लेख्नु भएकोमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका भूतपूर्व सदस्यहरू आधुनिक युगका ख्याति प्राप्त कवि श्री मोहन कोइराला एवं प्राध्यापक श्री चूनाडाय भट्टराईलाई एवं यो पुस्तक प्रकाशित गरी दिएकोमा "ऑल इण्डिया मीर एकेडेमी" लाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

साथै नेपाली भाषाको कुनै न कुनै रूपमा निरन्तर सेवा गरी रहनु पर्छ भनी मलाई सदैव प्रेरित गरी रहने मेरी प्रिय पत्नी सरलालाई, यस पुस्तकमा पनि उनको पूर्ण योगदानका निमित्त दिलैदेखि स्नेह कामना गर्दछु।

देवेन्द्र राज उपाध्याय

२१।४५२ रामशाह पथ
काठमाडौं ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

सशक्त भाषा र भावका कवित्रय– मीर, गालिब, इकबाल

विद्वान् अनुवादक श्री देवेन्द्र राज उपाध्यायको अनुवाद कलामा जुन अद्भुत प्रतिभालाई हृदयंगम गर्ने माध्यम बन्दछन् ती हुन् उहाँका कृतिहरू। अनुवाद कार्य साह्रै दुष्कर कर्म हुन्छ। शब्दले आफ्नै अर्थ बोकेको हुन्छ र त्यसबाट प्रकट गर्ने भावलाई अझ व्यञ्जना र ध्वनिलाई पर्यायवाची शब्दले वहन गर्न सक्दैन। यस स्थितिमा कवितालाई भाषान्तरमा भाव नबिगारी उतार्नु अतिशय नै गाह्रो काम हुन्छ।

कविताको लक्षणबारे प्राच्य र पाश्चात्य विद्वान्हरूले आफ्ना आफ्ना दृष्टिकोण प्रस्तुत गरेका छन्। केही तिनीहरूको उक्तिलाई 'कवि, कविता र कविताको सिद्धान्त' मा मैले उद्धृत गरेको छु। यहाँ कसको लक्षण कति अंशमा समन्वय हुन्छ त्यो विवेचना गर्ने मेरो मनसाय छैन। पुष्प रस लाई आफ्नो शिल्प चातुर्यद्वारा मधुकरले मधुमा परिणत गरेकोछ। त्यसको रसास्वादन गर्दा पाइने माधुर्यमय तृप्ति स्वसंवेद्य हुन्छ। त्यहाँ त्यसको विश्लेषण गरी प्रयोगशालाको कांच कूपमा राखेर विवेचना गर्ने रस–वञ्चित हतभागी हुन्छ। वास्तवमा कविता तिनलाई बनाएको पनि होइन।

"अरसिकेषु कवित्व निवेदनं
शिरसि मालिख मालिख मालिख।"

जसरी पहिलेकाले भनेथे, यसरी नै पछिकाले पनि थपे यसरी–

"पुष्प पत्रले काट्न सकिन्छ बरू हृदय हीराको।
तर मूर्ख मनुष्यमाथि पर्दैन असर कविताको॥"

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कविता, धेरै दिन हृत्तन्त्रीमा झंकृत भएर स्वर लहरीमा तरङ्गित हुन्छ, भावुकताको अभिव्यक्ति गर्न थोरै शब्दमा धेरै भावार्थ बोकेर। त्यस्तो कुरालाई अनुवाद गर्नु अनि अति दुष्कर कार्य नहोस् कसरी। तर, हाम्रा सिद्धहस्त अनुवादकले नाटक, दर्शन आदिमा आफ्नो सीप प्राप्त गरेपछि कवितामा अघि सर्नु भएर सफलता प्राप्त गर्नु भो। एक शब्द एक फिलिङ्गो बन्छ, कविको प्रयोगमा यदि उसको हृदय टुक्रा टुक्रा परी फुटेर निस्केको भए। त्यसैले साहित्य यज्ञमा म कविलाई हृदयका भावको पूर्णाहुति मान्छु।

भाषा, भाव व्यक्त गर्ने सशक्त रूपमा ल्याउन खोज्छ कवि र उसलाई अनि शब्दमा दरिद्रता रहेको अनुभव भई छट्पटिन्छ। वास्तवमा मह र मिस्री, पानी र दूधको स्वादको अभिव्यक्ति शब्दमा सरस्वतीले पनि गर्न सक्तिनन्। त्यसैले भाषा नै आफू निख्खर छ त्यसमा पनि झन् अर्को भाषाले बोकेको शक्ति वोक्न त झन् कमजोर हुन्छ। त्यस्तो भए पनि मान्छे मान्छे नै हो यसमा सफलता प्राप्त गर्न विमुख हुँदैन। त्यो साहस पाएँ मैले देवेन्द्र राजमा ।

उर्दूका महान् वाणीपुत्र मीर, गालिब र इकबालका कवितालाई नेपाली भाषामा उतारेर नेपालीलाई आफ्नै भाषामा रसास्वादन गराउने सत्प्रयासको तारीफ गर्ने मेरो कलममा शक्ति छैन। नेपालले आफ्नो भाषामा फारसी र अरबी शब्दलाई यथास्थान प्रदान गरेर उर्दूलाई सहज र सरल बनाएको छ। यसमा कुनै लवज अनुवादकले त्यही हालेर अझ यसको गरिमा बढाई दिनु भएको ठान्दछु ।

उर्दूका विख्यात कवित्रयको बारेमा मैले यहाँ केही लेख्नु उनीहरूका प्रति मेरो धृष्टता हुन्छ "सागरः सागरोपमः" सागरको उपमा सागर नै हुन्छ। यी मीर, गालिब र इकबाल त्यस्तै आफ्नै उपमाले उपमित हुन्छन्। मीर मीर जस्तै, गालिब गालिब जस्तै र इकबाल इकबाल जस्तै। उर्दू राष्ट्र भाषा मान्ने राष्ट्रमा मात्र यी महान् कवि होइनन्, यी त विश्वका नै सम्पत्ति हुन् । साँच्चै—

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

"अहंभाव त्यो नदी हो यसको किनारा छैन ।
यदि तिमीले सम्झ्यौ त्यसलाई नहर भने त्यसको उपायछैन"

अनन्त अथाह कविता सागरलाई नहर सम्झनेलाई सम्झाउने उपाय हुँदैन । इकबालको यो अहंभावलाई म संसारलाई दिएको च्यालेन्ज सम्झन्छु । उपनिषद्का ऋषिको दार्शनिक सिद्धान्त छ–

"यस्तु सर्वाणि भूतानि आत्मन्येवाऽनुपश्यति ।
सर्व भूतेषू चाऽऽत्मानं ततो न विजुगुप्सते ।"

यही दर्शनलाई कवितात्मक रूप दिएको ठान्दछु म । मैले ती महाकविहरूमाका कविताको परिशीलन गर्न थालेको होइन र ती कविता पढ्ने सौभाग्य नेपाली भाषीले पाएकोमा कृत कृत्य भई म हृदयबाट अनुवादकप्रति आभार व्यक्त गर्न लागेको हूँ । अझ यस्तो कृतिलाई प्रकाशित हुनु अघि हेर्ने र आफ्नो दुई शब्द लेख्ने सुअवसर प्रदान गरी मेरा मित्र देवेन्द्रजीले मित्रताको गाँठो झन् कसी दिनु भो । यसमा म अनुवादकलाई धन्यवाद प्रदान गर्दछु । यसले सहृदय पाठकहरूलाई नौलो कविताको रसास्वादन गर्न अवश्य सहायता दिन्छ भन्ने मान्दछु ।

चूडानाथ भट्टराय

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

शायरीका तीन सय वर्ष—एक परिक्रमा

आउनु होस् कति आफ्नै गुनासोमा अल्झिने । हामीहरू सम्पूर्ण पीर र बाधालाई पन्छाएर शायरीका सागर किनारमा डुल्न जाऔं । शायरी अन्य भाषाको सम्पत्ति हो जसलाई बडो अभिरुचिका साथ पढिने सुनिने गरिन्छ । रातदिन नभनेर मानिसहरू मुशायरा (कवि सम्मेलन) मा भेला हुन्छन् । शायरहरूको सम्मान गर्दछन् । सुन्छन् शायरी एउटा यस्तो पाठ्य-काव्य हो जो गल्लीहरूको कुना काप्चा बस्नेदेखि लिएर ठूला ठूला राजा महाराजाहरूको खचाखच भरिएको महफिलमा समेत अत्यन्त रूचाइन्छ । बुद्धि र मनलाई धार लगाउने मुटुको बेगमा संवेग भर्न समर्थ शायरीका पद्यमा अनेक शक्तिहरू छन् । यसैले संधैं संधैं युगान्तकारी प्रभावहरू यसमा सुरक्षित छन् । त्यसका शाश्वत भावना कति युगान्तकारी र भावनात्मक हुन्छ भन्न पर्ने कुरा होइन । त्यो निधि नेपाली भाषामा आ-ओस् भनी नेपाली पाठकहरूले धेरै समयदेखि औंधि आकांक्षा राखेका थिए । त्यही कामकोलागि संकलित भएर, त्यसै निष्क्रिय बस्न नसक्ने नेपाली भाषाका अनन्य सेवकबाट यो कार्य सम्पादन भएको छ । यस पुस्तकका अनुवादकर्ताबाट भएका अन्य अनूदित कार्य जस्तै यो शायरी-को अनुवाद पनि स्वागत योग्य हुनेछ; हृदय—ग्राह्य बन्नेछ। यस्ता साहसिलो, रसिलो, नेपाली भाषा पोसी बामे सार्ने कार्यको जति प्रशंसा गरे पनि यहाँ कमै हुन्छ ।

'मीर', 'गालिब' र 'इकबाल'का शायरीको एकै पल्ट एउटै पुस्त-काकारमा पढ्नु निश्चयनै नौलो त्रिवेणीमा पुग्नु जस्तो हुनेछ । यो कार्य

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

तीन शय वर्षको यात्रामा डुल्न जानु जस्तो हो । उर्दू शायरीका तीन युगका महारथीहरूको कलमको तीन दिशाको हुने शयल मजा लाग्दो र मनको काव्यात्मक छालहरूमा निकै नै डुब्न पुगिने छ । यी तीन अनूदित शायर को राम्रो को नराम्रो दाज्न सकिन्न । मीरका शायरीसंग गालिब र गालिब का शायरीसंग इकबाल दाज्ने कुरा होइन, यी तीनै विशाल पर्वतका तीन चुलीहरू हुन् । यी आफैंमा प्रशस्त छन्, खांदिएका छन् र आफ्नै घनत्वमा उभिएका छन् । शायरीको विकास क्रममा अभिन्न भएर युगको मालामा उनिएका अनमोल मोतीका दानाहरू छुंदा, मीरको शायरीमा मानव भावना-को कोमल भन्दा कोमल अनुभूति पाइन्छ भने गालिबमा आफ्नै किसिमको भाव गाम्भीर्यको चमक दमकहरूले मानवता गांसिन पुग्छ । इकबाल, मीर र गालिब भन्दा अलग्ग भावनाका शायरका रूपमा भेटिन्छन्, त्यही उचचाई मा, त्यही गहिराईमा, त्यही घनत्वमा तर भिन्न स्वर लिएर । यसरी शायरी ढुकुटीको साँचो तीनै कविहरूसंग बराबर अधिकारमा रहेको पाइन्छ । यस्तो कवितात्मक चत्मकार गांभीर्य र त्यस्तै प्रलोभनपूर्ण लाग्ने यस्तो विषय वस्तुबाट नेपाली भाषाभाषी कसरी विमुख रहेका थिए एवं आज सम्म पनि एक यस्तो प्रतिनिधित्व गर्ने खालको शायरीका निधिबाट यसरी एक साथ उल्था नहुनु त्यो पनि नजिकैको छिमेकीको भाषाबाट; जुन कुरालाई साँच्चै भन्ने हो भने हाम्रो भाषा पट्टिको नैराश्य पो हो कि जस्तो लाग्दछ ।

भाषा धनी गर्न अनेकन काम विद्वान् वर्गबाट भै रहन्छन्, नेपाली भाषामा पनि अनेक जमर्कोहरूको थालनी हुन लागेको छ । नेपाली पाठक वर्गलाई त्यस्ता कार्यहरूले निकै उत्साह र प्रेरणा देला । यसै सिलसिलामा त्रिवेणी संगम पारेर यो काव्यको भाषान्तर हाम्रा समक्ष आएको छ ।

धेरै भाषा भएको विश्वमा पृथक् भाषाको पृथक् साहित्य वस्तु स्वाभाविकै कुरा हो । तर त्यो विविधतालाई भाषाको दूरत्व मेटी कुनै परि-श्रमी विद्वान्ले हामीलाई उसको मौलिक अभिप्रायसित चीनापर्ची गराउन

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

खोजेको छ भने निश्चयनै स्वागत योग्य हुन्छ । यस्ता काव्य पढने परिपाटीले आपसमा ज्ञान वृद्धिको अतिरिक्त सोचाईको स्तरमा समेत नयां आयाम थप्न सक्दछ । तर सबैको अनुवाद एकै किसिमको उच्च हुन्छ भन्न सकिन्न । यो कुरा विद्वान् अनुवादकको लगनशीलता र धैर्यमा निर्भर गर्दछ । अनुवादको क्षेत्रमा धेरै काम गरी सक्नु भएका श्री देवेन्द्र राज उपाध्यायज्यूको खारिएको कलमबाट यो कार्य सम्पादन हुन पुगेको छ । नेपाली भाषामा औंधि खाई खेली सिपालु भएको कलमबाट भएको यो कार्यले नेपाली पाठकहरूलाई उर्दू भाषाको प्रख्यात काव्यको निकटतम रसास्वादन गराउने छ । अनुवादकको लगनशीलता र ग्रन्थको चुनावले फेरि एक पल्ट नेपाली पाठक उहाँको यस परिश्रमबाट अवश्य रमाउने छ । शायरीमा अरबी र फारसी भाषाका शब्दहरू प्रयोग गरेर आफूलाई अरबी र फारसी भाषाका ज्ञाता गराउन गौरव मान्ने शायरहरूका बीहड कवितालाई सरल एवं सुबोध ढंगमा प्रस्तुत गर्नु समेत एउटा कलापूर्ण कार्य हो । यसमा अनुवाद शैली निकै मीठो लाग्ने खालको छ । कुनै कुनै त साँच्ची अनूदित नभएर मूल नै हो कि भन्ने पाठकलाई लाग्न सक्दछ । त्यसैले नेपालीमा पनि त्यो कार्य संवेदनशील छ र त्यस्तै संप्रेषण युक्त छ । मोहम्मद इकबालको 'मानिस र प्रकृति' कस्तो मौलिक रूपमा जस्तो अनूदित भएको छ ।

समय चक्रमा झण्डै तीन सय वर्ष भित्रका यी कृति हुन् । आज सम्मको क्रमिक काव्य रूपमा हेर्दा यस बीच ऐतिहासिक घटना चक्रहरूको अनेकौं चक्रव्यूह घुमी सकेको देखिने छ । झन् उन्नत, झन् उन्नत बनाउने क्रममा शायरले भोग्न परेका काल स्थिति र वातावरण यस पद्यावलिले बोकेको छ । मीर देखि इकबालसम्मको यात्रा क्रममा भएका तीनै थरि शायरका तीन विशिष्टता यसमा प्रतिबिम्बित हुनु निश्चय नै ती महान् व्यक्तित्वका स्वयं तीन इतिहास हुन् भन्नु पर्दछ । भाषा, भाव र विधा शिल्पको दौडमा ऐतिहासिक हुरी, बादल, वर्षा कति बाधाहरूका बीच पनि यसको गरिमा डेग चलेन । यस्ता काव्यहरू लेख्ने कवि र तेस्तो उल्था

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

गर्ने धैर्यवान् मिहिनेती शिल्पी कालीगड कुनै भाषाले पाउनु पनि निकै गौरववर्धक कुरा हो । कालजयी साहित्यलाई हामीलें अरू के भनेर स्वागत गर्नें । त्यस्तो साहित्यको केही कुरा गरी व्याख्या गर्न खोज्नु त आफ्नो अल्प वुद्धिको परिचय दिनु जस्तो मात्र हुन जान्छ । आज पनि तरोताजा रूपमा उच्च शायरीका जुन जुन कृति जस जसलें रसास्वादन गर्दछ, उस उसलें बारंबार उनका कृतिबाट हृदय आल्हादित पार्न सक्दछ ।

अनुवादक बन्न रहरले हुँदैन । दुई भाषा सम्बन्धी ज्ञानको खांचो पर्दछ । त्यसैलें अनुवाद कार्य त्यसै होइन, निकै परिश्रम साध्य मात्र सिद्ध हुन्छ । शायरी जस्तो नाजुक कुरा मौलिक रूप रङ्गवाट भरसक सोही अनुरूप लय आकृति भावमा फरक नपर्ने गरी अनुवाद गर्न कठिन हुन्छ । ती सबैलाई ध्यानमा राखी उस्तै रूप लय र ध्वनिमा समेत उस्तै किसिमलें छुन सक्ने बनाउन यसमा अनुवादकलें दिलोज्यान दिएको पाइन्छ । अर्को तिर त्यसो गर्न भाषाले पनि एक समस्या रूप खडा गर्न थाल्छ, तर प्रस्तुत पुस्तकमा हेर्दा के पाइयो भने यहाँ विद्वान् अनुवादकलें मिल्दो नेपाली भाषा को प्रचुर मात्रामा प्रयोग गरेका छन् र नपुगे उस्तै मीठा संस्कृत शब्दको प्रयोग गरेका छन् । यसरी अनुवादकको प्रयासको जमर्को प्रष्ट हुन्छ । पढदा यस शायरीका पाठकलाई मूल रूपको ध्वनि लय र गति मिलाई पढन समेत रुचिकर र मधुर लाग्ने नै छ ।

पृथक् गति र वेग संवेग युक्त तीन थरिको कलमबाट प्रवाहित भएको यो पुस्तक तीन थरि महत्वसंग गांसिएको छ । तीनै पृथक्तालाई देखाउन र शायरीसंग परिचय दिलाउने जमर्कोलाई यस पुस्तकले सफलता देखाउने छ ।

पुस्तकको अन्तर्निहित विषय र पनलाई हेर्दा कसैले न्यानो सिरानमा राखोस् अथवा चोलीको काखमा घुसारोस्, आद्योपान्त नगरी छाड्ने छैन । यसरी यस पुस्तकले नेपाली भाषाका प्रेमीहरूलाई ज्ञान बर्धन गर्न समर्थ हुनेछ भनी भन्न सकिन्छ । परमेश्वरलें पाठकलाई यस्तो संवेदन शक्ति देओस् ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

'शक्ति कसको छ हाल सुन्ने मीरको ।' मलाई लाग्छ, थुप्रां शायर र शायरीका काव्यमा यात्रा गरेर चुन्दा प्रथमतः मनमोहक यस्ता पदावलीले तान्यो होला । भित्रका भावले कतै मनमा कुतकुत्यायो होला । अनि मस्तिष्क-मा काम गर्ने जांगर उठ्यो होला । तीन शायरका तीन युग एकै पुस्तकमा डुबुल्किने र खेलाउने खेल्ने छाल यसमा छ । के शायरी प्रेम भावनाका मात्र कुरा हुन्? के जाति र धर्मवादका आधारका मात्र कुरा हुन्? के मानववादका कुरा हुन् ? यी सबै हुन्, यी सबै होइनन् । यथार्थमा, मानव भित्रका आक्रोश नैराश्य, धर्म भीरूता, निरूपायता र वाध्यतावाट पनि कविता बांधिएको छ । मुछिएको छ । मुख्य तहमा यी सबै अवस्थालाई कति सूक्ष्म, सरल र सुबोध रूपमा शायरीमा राखिएको हुन्छ । त्यो कुरा यस पुस्तकमा पढेर मात्र हृदयङ्गम गर्न सकिन्छ ।

फूल सुंघेरै अनुभव हुन्छ । शायरीका गहनतम परिभाषा र गहराई कस्तो छ– मिर्जा गालिबका पंक्तिबाट एक टुक्रा लिएर पढौं:–

लुकेका छन् मेरो मौनतामा
रक्त सिंचित लाखौं अभिलाषा,
म वाणिहीन त्यस्तै
निमुखा व्यक्तिको चिहानमा राखिएको
निभेको एक दीप जस्तै ।

प्रस्तुत पुस्तकमा भएका तीनै शायरहरू भारत वर्षका विभिन्न प्रान्तमा जन्मेका कवि हुन् । मीरको समयमा समस्त भारतवर्षमा एक नौलो हावा वग्न लागेको थियो। त्यसबेला कम्पनी सरकारको भारतमा प्रवेश भइसकेको हुन्छ । एकातिर मुस्लिम राजा नवावको शक्ति र सम्पत्तिको दौर चरम विन्दुमा उक्ली रहेको हुन्छ, अर्कोतिर उनीहरू तथा कम्पनी सरकारका बीच द्वन्द्व चल्न थाली सकेको हुन्छ । गालिब, इकबाल भन्दा अघिका हुन् उनको बेलामा दिल्लीमा मुगल बादशाहको पतनको प्रत्यक्ष इतिहास आँखा अगाडि पर्न आउँछ । एकातिर जनतामाथि पर्ने पीर मर्काले आघात पाएका

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कवि, अर्कोतिर आपनो देशको आस्था समेत बिस्तारै विदेशीको हातमा गुमाउनु परी रहेको अवस्था हुन्छ । कस्तो किसिमको मसीलें त्यो आघात विनका रङ्ग र पंक्तिमा छुन सक्ला, त्यस्ता संवेदनशीलका भावनाले । शायरी-का पदावलीले एकपछि अर्को पंक्तिमा कहिलें चुलुम्म पार्न लैजान्छ र कहिले उतार्दछ । कसरी मानवको यथार्थ अपरिचित स्थानमा लगेर बारबार छाडी दिन्छ । जिउनै सिरिङ्ग सिरिङ्ग पार्ने तथा मन नै भरङ्ग भरङ्ग पार्ने शक्ति छ यसका प्रत्येक पदावलीमा । अस्ताउन लागेको मुगल साम्राज्यका विरुद्ध उदाउन लागेका अंग्रेजहरूका कति दाउपेचका तसबीर यसका भित्री तहमा छन् ।

यी तीनै महारथीहरू आफ्ना युगका पृथक् व्यक्तित्व भएका कवि हुन् । यी तीनै शायर समय, विधा र शिल्पले बेग्ला बेग्लै छन् । त्यही कुरा प्रष्ट पार्न यो त्रिवेणी रूप कविताको संगम आएको हुनु पर्दछ ।

एशिया, युरोप, अफ्रिका, उत्तर तथा दक्षिण अमेरिकालाई पानी पनेरो तुल्याई विभिन्न जाति र संस्कृतिका बीच वर्षौं बसोबास गरी विभिन्न जाति र संस्कृतिसंग माझी भिझी साहित्यमा खारिई सक्नु भएका श्री देवेन्द्र राज उपाध्यायज्यूलें यो संकलन अनुवाद प्रस्तुत गर्नु भएको छ । यसरी उहाँले नेपाली भाषालाई फेरि पनि नबिर्सने गुन लाउन अठोट गर्नु भएको रहेछ । यस्ता उत्साही भाषासेवीको खांचो प्रत्येक भाषामा परी रहन्छ । उहाँका अरु अनूदित कृतिहरू जस्तै यो पनि सबैलाई रुचिकर होस्, सफल होस् । यसरी अन्य भाषाहरूबाट खुसुक्क आपनो मातृ भाषामा ल्याउने कार्यमा तत्पर एवं आफ्नो भाषामा खट्किने अभावलाई हटाउन कम्मर कसेर डटने उहाँको गुनिलो बानी अरु नेपाली विद्वत्-वर्गमा पनि प्रेरणा बनोस् ।

श्री देवेन्द्रराज ज्यूबाट पहिले पनि आफ्ना अन्य पुस्तकका अतिरिक्त चिनियां नाटक, ग्रीक नाटकहरू, नल र दयमन्ती, भगबान् बुद्धका उपदेश आदि पुस्तक नेपालीमा अनुवाद गरी प्रकाशित गरी सक्नु भएको छ । नेपाली पत्र पत्रिकामा आज भोली संस्मरणका रूपमा विद्वत्तापूर्ण लेख

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

लेख्नु हुन्छ ।

नेपाली पाठक उहाँका सबै कार्यसंग सुपरिचित भइ सकेका छन् । अरु धेरै भन्दा धेरै यस्ता कार्यहरू नेपालीमा भइरहुन् भन्ने मेरो कामना छ । मेरो अल्प बुद्धिलाई पत्यार गरी यस पुस्तकको मन्तव्य लेख्ने अनुमति दिनु भएकोमा म कुन शब्दले धन्यवाद ज्ञापन गरूँ, शब्दमा भन्न कठिन छ । प्रत्येक वस्तुको गुण ग्रहण गर्न सिपालु उहाँको मौरी जस्तो बानीले होला–मलाई पत्यार गर्नु भएकोमा विनम्र आभारी छु ।

–मोहन कोइराला

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

प्रकाशकीय
(उर्दूबाट अनूदित)

एउटा भाषाको साहित्य र संस्कृतिलाई अर्को भाषामा सान प्रयत्न गर्नु भनेको कार्यलाई, त्यस्तो कार्य गर्ने व्यक्तिले वास्तवमा आफ्नो प्रतिष्ठा नै बाजी थापेको भनी भन्नु अत्युक्ति नहोला। जब यो कार्य झन एउटा साहित्यको श्रेष्ठ कृतिलाई अर्को साहित्यमा अनुवाद गर्ने प्रश्नका रूपमा प्रस्तुत हुन्छ, यसमा श्रम र दक्षताले मात्र पुग्दैन, बुद्धि र अवगतता पनि चाहिन्छ। अनुवादकमा अनुवाद गर्ने र गरिने भाषा माथि निकै दखल हुनु अत्यावश्यक छ जसले गर्दा ऊ अनुवाद गर्ने भाषाको गांभीर्यसम्म पसी त्यसका भावहरूको तात्पर्य समात्न सकोस् एवं त्यसपछि ती भावहरूको रूप विकृत नगरी आफ्नो भाषामा तिनलाई रूपान्तर गर्न सकोस्। अर्को शव्दमा भन्ने हो भने, अनुवाद कार्य एउटा शरीरको आत्मालाई अर्को शरीरमा स्थापित गर्नु सरह हो एवं धेरै कम व्यक्तिहरूमात्र यस्तो श्रमसाध्य एवं कठिन कार्यमा सफलता प्राप्त गर्न सक्दछन्।

उर्दू, विश्वको एक मात्र यस्तो भाषा हो जसको निर्माणमा, कैयन् अरु भाषाहरूले सक्रिय योगदान दिएको विशिष्टता प्राप्त गरेको छ। यस्तो सहभागिताको अभिव्यक्ति यसका शब्दहरू, क्रियाहरू, संज्ञाहरू, लिङ्गहरू, व्याकरण एवं शैलीमा समेत पाइन्छ। संस्कृत, पालि, अवधि, खडी बोली, हिन्दी, फारसी, अरबी, तुर्की, पुर्तगाली, अंग्रेजी आदि यस्ता कुन भाषा छन् जसका शब्दहरू, संज्ञाहरू, क्रियाहरू, व्याकरण र शैली उर्दूमा नपाइँदा हुन्। एवं त्यसै निमित्त, यो भाषा एक नदीमा मात्र सीमित हुन नपुगेर

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

यसले एक महासागरको रूप धारण गर्न पुगेको छ, जसमा कयन् नदी र नालाहरू मिसिएर यसको जल निधिलाई समृद्ध गरी यसको विस्तारमा सहायक भएका छन् तर जसको पानीमाथि यिनको कुनै दावी छैन ।

उर्दूको उत्पति विभिन्न राष्ट्रियताका मानिसहरूका बीच विचारको पारस्परिक आदान प्रदान गर्ने प्रयत्नमा भएको हो । उर्दूको यो विशिष्टता अझै पनि कायमै छ । भारत बाहिरबाट आएको तुर्क अथवा कुनै अरब अथवा कुनै इरानीले कुनै भारतीयसँग कुरा गर्न खोज्दा उसले आफ्नो भाषाको भन्दा भारतका भाषाहरूका शब्दहरू बढीभन्दा बढी प्रयोग गर्ने प्रयत्न गर्दथ्यो । त्यसै गरी कुनै पनि भारतीयले उनीहरूसित कुरा गर्दा उनीहरूले आफ्नो तात्पर्य बुझ्न सकुन् भन्ने उद्देश्यले उनीहरूको सकभर बढी शब्दहरू प्रयोग गर्ने गर्दथ्यो । यस्तो प्रयत्नद्वारा जन्मेको भाषामा अनुवादको क्षमता यसको प्रारम्भ कालदेखिनै रही आएको थियो । त्यसै कारणले गर्दा नै अन्य भाषाका श्रेष्ठ कृतिहरू एवं धार्मिक ग्रन्थहरूको यस भाषामा भएका अनुवादले यसको निर्माणात्मक कालदेखि नै यसलाई समृद्ध पारे ।

उर्दू साहित्य आज ज्यादै बढी सम्पन्न हुन पुगेकोले यसले संसारका महत्वपूर्ण जीवित भाषाहरू मध्ये स्थान प्राप्त गर्न सकेको छ एवं यो भाषा बोल्ने व्यक्तिहरू भारत, पाकिस्तान तथा बाङ्गलादेशमा मात्र पाइने होइनन्, विश्वका कुना कुनामा पाइन्छन्, तैपनि अन्य भाषाका धेरै जसो श्रेष्ठ कृतिहरू एवं धार्मिक ग्रन्थहरू जो उर्दूको प्रारंभिक काल तिरै यसमा अनुदित भइ सकेका थिए, आज अप्राप्य सरह भएका छन् भन्ने सुन्दा धेरै लाई आश्चर्य लाग्ने छ । उदाहरणार्थ, रामायण, महाभारत, ग्रन्थसाहब, बाइबिल, गायत्री–मन्त्र, वेदहरू आदिका संपूर्ण उर्दू अनुवादहरू आज प्राप्त छैनन् । आज भन्दा पचास साठी वर्ष अघि यिनका अनुवादहरू उर्दू पुस्तक पसलहरूमा पाइन्थे । श्रेष्ठ साहित्यहरूको स्थिति पनि यही छ । शेक्सपियर, एवं कालिदासका सबै जसो कृतिहरू, भर्तृहरिका काव्यहरू,

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

भगवत् गीता तथा यहाँसम्म कि रवीन्द्रनाथ ठाकुर, नजरुल इस्लामका कृतिहरू समेत उर्दूमा अनूदित भइ सकेका थिए। अंग्रेजी, संस्कृत तथा बंगालीबाट अनूदित यतिका रचनाहरू थिए भने, अरबी र फारसीका झन् कति अनुवाद भएका थिए होलान् भनी सजिलैसित अनुमान गर्न सकिन्छ।

उर्दू कविताका सम्बन्धमा पनि यस्तै प्रकारको चर्चा गर्न सकिन्छ। उर्दू कविहरूले अनुप्रास र छन्द, पदयोजना र व्याकरण, रूप विधान र शैलीका दुर्नम्य नियमहरू पालन गरेर पनि अन्य कुनै जीवित भाषाका सबै जसो विचारलाई उर्दूमा सार्न सक्नु नै उनीहरूको महिमाको प्रतीक हो। कृष्णभक्तिका गीतहरू, भर्तृहरिका दार्शनिक काव्यहरू, मौलानारूमका रहस्यवाद, ईरानका राष्ट्रकवि बहार ईरानीका कल्पनाहरू, पश्चिमका कविहरू–होमर देखि टी.एस. ईलियटसम्म तथा टी.एस.ईलियटदेखि पैवलो नरुदासम्म –यहाँ सम्म कि प्रसिद्ध चिनिया साहित्यिक ल्हु सुनका कृतिहरू समेत, उर्दूका विस्तृत गुंबजमा प्रतिध्वनित भएका पाइन्छन्। अबू नवासदेखि खलील जिब्रानसम्मका अरबी कविहरु; फारसी कविहरू सादी, हाफिज, जामी, उरफी, बेदिल, अबू तालिव कलीम आदि, संस्कृत कविहरू कालिदास आदि; हिन्दी कविहरू तुलसीदास, रहिमन, रसखान, मलिक मोहम्मद जायसी आदि; गेटे र भैरली जस्ता जर्मन र फ्रांसेली कविहरू, इटलीका दाँते समेत, अंग्रेजी कविहरू शेक्सपियर, मिल्टन, शेली वर्डस्वर्थ एवं प्राचीन ग्रीक कवयित्री, सैफो, पंजाबी कवि बल्हे शाह आदिले उर्दू कवितामा स्थान प्राप्त गरेका मात्र होइनन् तरन्तु उर्दू कविहरुले उनीहरूबाट प्रेरणा र लाभ प्राप्त गरेका छन्। उर्दू कविहरूले पनि अरू कविहरूको विचारमा आफ्नो विचार थपेका छन्।

उर्दूले आफ्नो शैशव कालदेखिनै, आफ्नो शब्दावलीमा अन्य भाषाका शब्दहरू थपेको एवं अन्य विचारहरूबाट प्रेरणा पाएकोले यसको अन्तर्राष्ट्रिय स्वाभाविकतासित अन्य कुनै भाषाले प्रतियोगिता गर्न सक्दैन। सर्वसाधारण जनता एवं तिनको आकांक्षासित उर्दूको यही विस्तृतता, यही व्यापकता, यही सबैलाई समाविष्ट गर्नसक्ने प्रकृति र यही

Digitization by Hindu-Heritage-Foundation of America, HHFA(USA)

संसक्तिले गर्दा उर्दूलाई जनतासित सारै घनिष्ट पनि सकेको हुनाले नै यसलाई कहिल्यै पनि दर्बार अथवा शासकको कृपा अथवा संरक्षण प्राप्त गर्ने वास्ता रहेन । वास्तवमा यसको जन्मकालदेखि लिएर यसको गौरव-शिखरमा पुगुन्जेलसम्म यस्तो कुनै काल छैन जसमा यसले सरकार अथवा शासकहरुबाट कुनै संरक्षण अथवा प्रोत्साहन पाउन सकेको होस् । उदारणार्थ मुगल साम्राज्य उसको शिरोविन्दुमा पुग्दा पनि उर्दूले सम्राट्का दर्बारहरूमा पहुँच प्राप्त गर्न सकेको थिएन । त्यसकालको सरकारी भाषा फारसी थियो । जब अंग्रेजहरूको आधियत्य स्थापित भयो, फारसी भाषाको स्थान अंग्रेजीले प्राप्त गर‍्यो र अनि जब भारत स्वतन्त्र भयो, भारतको सरकारी भाषा हिन्दी हो भनी घोषणा गरियो । तर उर्दूले सरकारी प्रश्रय नपाए तापनि यसको वृत्त विस्तारित हुँदै गयो एवं यसको लोकप्रियताको वृद्धि हुँदै गयो । र हाल, उर्दू विश्वका प्रमुख भाषाहरूमध्ये एक हुन पुग्यो ।

उर्दूको यस व्यापकता र लोकप्रियताको रहस्य, यसको माधुर्य, सजीवता विद्वत्तापूर्ण तर सरल शैलीमा छ र यसलाई शक्ति एवं आकर्षण प्रदान गर्ने योगदान यस भाषाका कविहरूद्वारा भएको छ भन्ने कुरा निर्विवाद छ । शायद मनुष्यको अनुभूति र भावनालाई यस्तो व्यापकता र सजीवता दिने अन्य कुनै भाषा छैन । उर्दूले यसका प्रत्येक कवि, परिचित अथवा अपरिचित, ख्यातिप्राप्त अथवा साधारण, सबैलाई कुनै एक विचार, कुनै एक भावना र कुनै एक अनुभवलाई गजलको एक एक पंक्तिमा अभिव्यक्त गर्न प्रेरित गर्दछ । उर्दू कवितामा सबभन्दा लोकप्रिय गजल हुन्छ जसमा कम से कम पाँच पंक्ति हुन्छन् र बढी से बढी पच्चीस देखि तीस पंक्ति हुन्छन्। कविले एक श्लोकमा एक पूर्ण विचार अभिव्यक्त गर्नु पर्दछ। जीवन सम्बन्धी कति विचारहरू, कति अनुभूतिहरू, कति भावनाहरू गजलमा उतारिएका होलान्, करण उर्दू कविताका प्रत्येक कालमा हजारौं गजल कविहरु भएका छन् । तर उर्दू कविहरूको संख्या यति असंख्य भएता पनि सबै दृष्टिकोणबाट उत्कृष्ट मानिएका एवं सबैबाट जस जसको महात्ता स्वीकार गरिएका छन्,

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

तिनको संख्या सदैव सीमित रहेको छ। उर्दूको जन्मदेखि अहिले सम्मसा समयको मापदण्डबाट माथि उठ्न सकेका एवं सबै तर्फबाट वास्तविक महान् भनी स्वीकार गरिएका कविहरूको संख्या पचास अथवा साठी भन्दा पुग्ने छैन। यस सूचिलाई पनि काटछांट गरेर अत्र कुनै काटछांट गर्ने ठाउँ छैन भन्ने ठहर गरिएपछि मीर, गालिब र इकबालको नाम मात्र बाँकी रहन आउँछ, जो, विना कुनै अत्युक्तिको, उर्दू कविताको उत्कृष्टता एवं महत्ताका वास्तविक प्रतिनिधि तथा प्रतीक हुन भनी मान्नै पर्दछ।

मीर तकी मीरलाई कवीश्वर भनी सम्बोन्धन गरिन्छ। उनको विशेषता के भने उनले उर्दू कवितामा एक नयां युगको सूत्रपात गरे एवं त्यस युगलाई यति माथि उठाए जो तुलनात्मक रूपमा उनको मृत्युको दुइ शय वर्ष उपरान्त भएका हजारौं उर्दू कविहरूमध्ये कुनै पनि उनको गौरव एवं वैशिष्ट्य सम्म पुग्न सकेनन्। मीरका कविताले मनुष्य र प्रकृतिको बीचको संघर्षलाई चित्रित गर्दछ तथा प्रकृतिका समक्ष मानिसको विवशता, उसको लघुता तथा फलस्वरूप उसको असफलता, विषाद र निरवलम्बतालाई चित्रित गर्दछ। दुर्व्यवस्था नैराश्य तथा उपद्रवले भरिएको युगमा जहाँ व्यक्तिलाई अप्रिय परिस्थितिहरू तथा कटु अनुभवहरूको प्रत्यक्षीकरण गर्नु पर्दथ्यो, त्यस्तोमा कसरी आत्म–सम्मान भएको एवं आफ्नो आत्मा तथा महत्ताप्रति सचेत मनुष्यको मन एवं स्नायु–तन्त्रमा कस्तो प्रभाव पार्दछ तथा कसरी यी परिस्थितिहरूले उसको जीवनलाई नीरस र दुःखी बनाउँछ, त्यो कुरा मीरका कवितामा प्रतिबिम्बित भएका छन्। मीरले हतोत्साहित तथा पूर्णरूपले भ्रान्तिमा परेको व्यक्तिको प्रत्येक पक्षको सजीव चित्र प्रस्तुत गरेका छन्। मीरका कविताको सार्वभौमिकता यसको कैन्वसको विस्तृतता, यसको करूणता, यसको भावना एवं यसको प्रस्तुतीकरण सबैले उनको आफ्नै व्यक्तित्व निर्माणमा योगदान दिएका छन्, जसको महत्ताकाप्रति कुनै सन्देह छैन। यी सबै तत्वहरूले संयुक्त रूपमा उनको स्वरलाई एक विशिष्ट व्यक्तित्व प्रदान गर्न एक महत्वपूर्ण भूमिका खेलेका छन्।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

मी पछि गालिब आउँछन् जसले हामीलाई बताउँछन्– यदि मनुष्य आफ्नो दुः कष्ट र विपरीत परिस्थितिहरूबाट निरुत्साहित हुँदैन भने एवं तिनलाई दृढताकासाथ सामना गर्दछ भने, सम्पूर्ण दुःखहरू प्रभावहीन एव महत्वहीन हुनेछन् ।

गालिबका कविता मनुष्यको दृढ निश्चय एवं इच्छा-शक्ति एवं उसको व्यक्तित्वको प्रतिनिधित्व गर्दछ । उनी समयको उत्कर्षता एवं अपकर्षतासित तथा उनका पथमा आउने कठिनाईहरू एवं उनले सामना गर्नुपर्ने संटकहरूसित डराउन्नन् । उनी आफ्ना घाऊका वेदनाबाट कराउन्नन्, वरु आफ्ना घाऊ गनेर बताउने अनौठो अभिव्यक्ति गर्दछन् । उनी जीवनबाट पराजय स्वीकार गर्दैनन्, बरू संघर्ष गर्दै जान्छन् एवं समयको कशाघातलाई यो अझै निर्धो भयो भनी खिस्सी गर्दछन्, जसले गर्दा यो संसार कुरूप र घृणित देखिनुको सट्टा सुखद, रुचिकर एवं रहस्यपूर्ण लाग्दछ । उनका कविताका मल आदर्श जीवनलाई हेर्नु, त्यसको गहिराईसम्म निरीक्षण गर्नु तथा त्यसै संगसंगै निर्वाह गर्नु हो, जसले गर्दा मनुष्यले जीवनको दुःखलाई लघुता प्रदान गर्न सकोस् र जीवनलाई अत्यन्त वहमूल्य वस्तु मान्न सकोस् । यदि मीर जीवनका विभिन्न पक्षहरूको चित्रण गर्न विशेषज्ञ छत् भने गालिबले हामीलाई जीवनको कसरी सामना गरी यसबाट कसरी आनन्द उठाउने भनी सिकाउँछन् ।

गालिबपछि इकबाल आउँछन् । उनका कविता यति ओजस्वी, यति सशक्त एवं यति उच्चतामा पुगेका छन् जसमा यिनले जीवनका दुःखहरूलाई मात्र पन्छाउने होइनन्, परन्तु यिनमा मनुष्यको संकल्प एवं दृढ निश्चयका समक्ष प्रकृति स्वयंले साष्टांग दण्डवत् गरी रहेको पाइन्छ। इकबाल मनुष्यको महानताका सर्वश्रेष्ठ उपदेशक हुन् तथा प्रकृतिका विरुद्ध मनुष्यको महत्ताका सर्वश्रेष्ठ समर्थक हुन् । उनको दृष्टिमा मनुष्यको आकांक्षा समक्ष यो विस्तृत ब्रह्माण्ड नै खुम्चिन जान्छ । उनले यो विश्वलाई मनुष्यको साहसिक कार्यका निमित्त साँगुरो देखेर उनले मनुष्यको मिलन स्थलका निमित्त आफ्नो विचारलाई स्वर्ग तर्फ अभिमुख गर्दछन् । उनका उच्च विचार,उनको आका-

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

शिदो महत्वाकांक्षा, उनको गंभीर सोचाई, उनका कल्पनाका उडान, उनको भावनाको नवीनता र उनको आशावादितापूर्ण ध्वनिले उनका कवितालाई त्यस्तो सशक्त एवं सुमधुर पारेका छन् जसको तुलना अन्य कुनै भाषाको कुनै साहित्यले गर्न सक्दैन ।

सारांशमा, यदि मीर तकी मीर उर्दू साहित्यको वर्तमान सांस्कृतिक प्रासादका गहिरो जग हुन् भने, गालिब त्यसको मनमोहक प्रशस्त द्वार हुन् एवं इकबालले त्यस प्रासादलाई यति सज्जित पारिदिएका छन् जसले गर्दा यो भवन अनुपम र अमर भएको छ ।

उर्दूका यी तीन सर्वश्रेष्ठ कविहरूका केही रचनाहरूलाई चयन गरी नेपालीमा भाषान्तर गर्ने कार्य श्री देवेन्द्रराज उपाध्यायबाट हुनु एक अत्यन्त हर्षको विषय हो । सबभन्दा आश्चर्यको कुरो के भने श्री उपाध्यायले आफ्ना विभिन्न कूटनैतिक, प्रशासकीय एवं साहित्यिक कार्य व्यस्तता हुँदा हुँदै पनि उहाँले यी कविहरूका रचना अध्ययन गरी तिनलाई नेपालीमा अनुवाद गर्ने समय पाउनु भयो । अल इण्डिया मीर एकेडेमीले यस पुस्तक-लाई प्रकाशित गर्ने निर्णय लिएर एक प्रीतिकर कर्तव्य पालन गरेको छ ।

अन्तमा, म यहाँ एक सुखद संयोगको विनम्रतापूर्वक चर्चा गर्न चाहन्छु । अल इण्डिया मीर एकेडेमीले लगभग तेह्र वर्ष अघि मीर तकी मीर सम्बन्धी एक वृहत् पुस्तक प्रकाशित गरेको थियो जो वास्तवमा,हिन्दी र उर्दू एक साथ भएको भारतमा प्रकाशित सबभन्दा ठूलो ग्रन्थ थियो । यस पुस्तकलाई स्वर्गीय श्री ५ महेन्द्र वीर विक्रम शाह देवको अनुकम्पापूर्ण अनुमति प्राप्त गरी मौसूफ सरकारमा समर्पण गरिएको थियो । आज अल इण्डिया मीर एकेडेमीले उर्दू साहित्य सम्बन्धी नेपालीमा प्रकाशित प्रस्तुत पुस्तकको संयुक्त समर्पण श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव एवं श्री ५ बडामहारानीऐश्वर्य राज्य लक्ष्मी देवी शाहका जुनाफमा चढाइएको पाउँदा मीर एकेडेमी आफूलाई गौरवान्वित ठान्दछ ।

मकबूल अहमद लारी
अध्यक्ष
अल इण्डिया मीर एकेडेमी

लखनऊ
२० दिसम्बर १९८०

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

मीर तकी "मीर"

आफ्नो अस्तित्व पानीको फोका जस्तै छ
यो प्रदर्शनी मृग मरीचिका जस्तै छ ।
नरम ओठ उनको के भन्नु
मानौं गुलाफको पत्र जस्तै छ ।
जान्छू म द्वारमा उनको बारंबार
हालत मेरो बेचैन भै सक्यो अबता
बोलें जब मैले भनिन् उनलें
आवाज त्यही अभागीको हो ।
'मीर' त्यो अर्ध-मुदित आँखामा
सबै मस्ती मदिरा सरिनै हो ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

बादल गयो जसै यताबाट उडेर
मेरो खरानी साथि पनि गयो रोएर,
दुःख थिए धेरै, तर मन नै जानू
अचम्मको दुर्घटना भयो मानू ।
'मीर' को सिरानमा सुस्तरी बोल कोई
रुँदै रुँदै सुतेको छ ऊ भर्खरै ।

मलाई कवि नभन हे साथी मैले
कैयन् व्यथा र शोक संकलन गरी,
तैयार भएका गजलहरू,
वृत्तान्त छन् अस्त-व्यस्त
मेरो पुस्तकमा,
गर यात्रा तिमी पनि,
दुःखको यो संग्रहमा ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कानले होश गरी सुन लोक-निनाद
प्रत्येक स्वरमा पाउने छौ लुकेको
वाणीको स्रष्टालाई ।

यस विश्वको यात्राबाट
छैन गएको कोही अक्षुण्ण भई,
यहाँ त हर यात्रीको सामान
छ लुटिएको बाटोमा ।

त्यस प्रेमको तरवारको घाइते मनलाई के भन्ने
जसले विवश भई लुकाई राख्छ आफ्नो वेदनालाई ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

पिंजडाको बन्दी म 'मीर'
के थाहा पाउँ बगैंचालाई
कहिले काहीं ल्याउँछ समीरले
फूलको पत्रलाई ।

के गरुँ निवेदन
आफ्नो जीविका बारे 'मीर'
मेरो त संताप भोजन हो,
रक्त पेय हो ।

दिन होइन, रात होइन, बिहान होइन, साँझ होइन,
शायद भेटने समय अहोरात्र मैं छैन ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

के गरुँ उल्लेख जीवन-मार्गको
आए कैयन् कठिन स्थल समक्ष आफ्नो,
यी विपत्तिबाट मुक्ति हुने कहिले हो,
प्रेम छ, विराग छ, वियोग छ ।

कविता पर्दामा सुनाएँ मैले
सन्ताप धेरै,
शोक-काव्यले रुवाएको छ
मेरो मन पनि धेरै ।

मनको बस्तीको नगर चिन्ता, मुक्ति चाहियो
यस्तो निर्जन स्थल बसाउन, मियाद चाहियो ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

बटारिएको ज्वाला बाहेक
देखिन अरु केही पनि
ज्योतिसम्म सलभ गएको,
देखे थें मैले पनि ।

क्षण प्रतिक्षण उनलाई
नयाँ रूपमा देखें,
हर युगमा उसको शान
थियो बेग्ला बेग्लै ।

सके सम्म त यो मनको गर्दछु संयम
तर एक दुइ कुरा प्रेमको निस्की नै हाल्छ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

आफ्नो अस्तित्वका बीचमा यो पर्दा
म नभए पछि फेरी यो लाज कहाँ ।

पृथ्वी र आकाश छ ढाकिएको प्रेमले
चारै तिर छ भरिएको प्रेम नै प्रेम,
मत हूँ भक्त प्रेमको
मेरो नजीक भगवान् नै प्रेम ।

यदि गरें भने मैले आह, जल्ने छ
सम्पूर्ण पृथ्वी र यसका जीव जन्तु सबै,
फैलिएको यो नीलो आकाश समेत
जली भस्म हुनेछ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

'मीर' यहाँ कैदका कैदीको कोही सुन्दैनन् आवाज,
सुन्दैनन् बागको पर्खालले, फूलका शायद कान हुँदैनन् ।

यसरी असफल कति रहने हो,
इच्छा छ एक काम गरूँ
बदनाम भई मारिन जाऊँ
उनलाई पनि बदनाम गरूँ ।
जसलाई ईश्वरले सब थोक दिन्छ,
उसले मात्र सब थोक दिन्छ,
टोपी लँगौटी साथमा आफ्नो
म के ले ईनाम दिऊँ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

प्रेममा दुःख दर्दको साथी हुन्न कुनै,
धेरै कालमा जन्मन्छ,
पहाड बर्षौं रोई रहेछन्,
तर छैनन् फरहाद कतै ।

शायद वसन्तले गर्दा छ संसारै बहुलाएको,
साङलोको झंकार आई रहेछ कानमा ।

यो संसार-सागर भ्रम मात्र हो,
देखिने यो सागरले भिज्ने छैन तिम्रो ओठ सम्म पनि ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

अब त ढोका नभएको निर्जन ठाउँमा जाऊँ 'मीर'
शहरको पर्खाल भित्र कति सम्म बस्ने साँगुरिएर ।

भन्न त उनले सभामा ठाउँ दिन्छन्
तर बस्नै नपाई मलाई उठाई दिन्छन् ।

कुनै पर्खालको छायामा होला 'मीर'
आराम खोज्ने त्यसलाई के काम प्रेमको ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

'मीर' को खोजी अब गर्नु पर्छ मधुशालामा
मस्जिदमा त त्यो अभागी भेटिएन ।

मलाई छैन शक्ति गुलाफ वा चमेलीको खूबी बुझ्ने
म त प्रभात समीर जस्तै, बागलाई होइन बेचेर हिंडने,
हिजो मैले सुने मीरको ढोकामा यो उत्तर,
धेरै भयो त्यो परदेशी त्यहाँ छैन भन्ने ।

जली रहेछ छाती दिन रात हृदयको अग्निले
एक आगो लागे जस्तै छ, भन्न सक्दिन यो के हो भनी ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

यो त हो प्रेम, प्रारम्भ भएको भर्खरै
यसरी रुने तिमीले किन हो,
बरु पर्ख हेर्दै जाऊ
भविष्यका नयाँ नयाँ रूप हुने कस्तो हो ।

त्यस प्रेमीको अवश्य नै हुन्छ अन्त
प्रेमले जससित गर्न थाल्दछ प्रेम ।

भन्थ्यो केही कसैलाई, हेरी रहन्थ्यो, मुख कसैको,
हिजो थियो 'मीर' उभिएको यहाँ पागल जस्तै ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

प्रेमले गर्दा मुटु हरायो, बदनामी भो
आखिरमा पागल भइयो,
दुइ दिनको यस जीवनमा
भमाथि त के के भै गो ।

प्रेमका रोगी जो जो थिए
ती सबै मरी सके ।
संग संगैका मेरा रोगी
सबै जसो मरी सके ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

हामी, तिमी र 'मीर' पनि
उनको अलकका बन्दी छौं।

एक दिन देखेको मैले
तिम्रो मदमस्त नैन,
त्यसको नशाको मस्तीमा
अझै तान्दैछु आफ्नो आँग।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

न गऱ्यौ विश्राम मुटुमा
न आँखामा एक पल,
देख्दा छ्यौ यति सानी तिमी,
तर छ्यौ प्रलय समान ।

लगेर प्रियाको गल्लीमा हृदयले
मलाई माटो नै पाऱ्यो ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

हामी, तिमी र 'मीर' पनि
उनको अलकका बन्दी छौं ।

एक दिन देखेको मैले
तिम्रो मदमस्त नैन,
त्यसको नशाको मस्तीमा
अझै तान्दैछु आफ्नो आँग ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

न गऱ्यौ विश्राम मुटुमा
न आँखामा एक पल,
देख्दा छ्यौ यति सानी तिमी,
तर छ्यौ प्रलय समान ।

लगेर प्रियाको गल्लीमा हृदयले
मलाई माटो नै पाऱ्यो ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

अपशोच, म उठाइएँ प्रेयसीको गल्लीबाट यसरी
जसरी उठ्दछ मानिस यस संसरबाट नै ।

सकिन बाँच्न उनको वचन पूरा गर्न सम्म
धोका दियो मलाई त मेरो उमेरले नै ।

गरें पूजा प्रियतम तिम्रो यति अधिक
अरुका दृष्टिमा बनाएँ तिमीलाई भगवान् नै ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

हेरौं यो संगति रहने हो कति सम्म
उनी भने गरुन् गाली, म चिताउँ उनको भलो ।

कृपा होस् भगवान्को मिलन होस् हाम्रो
'मीर' छन् मन भित्र धेरै धेरै कुराहरू ।

ए रुदन ! तिमीले निकै प्रभाव पारे छौ,
जब म रुन्छु उनका समक्ष, उनी हाँसी दिन्छन् ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

मिलनमा नै जब अनुहार फुंग भो मेरो
हुने हो के वियोगमा मेरो ।

कति पछि आयो, रात्री मिलनको
तर भै नै रह्यो यस्तो कलह
त्यो रात्री पनि त्यसै गयो ।

तिमी, गयौ कसरी आँखाको बाटो दिलसम्म,
यो तरंगित सागर त थिएन योग्य पारी तर्न ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

उल्टा भए प्रयत्न सबै
लागेन कुनै औषधी,
लौ हेर. यो प्रेम रोगले
आखिर मलाई समाप्त गर्‍यो ।

हे वैद्यराज, छैन कुनै लाभ
खोज्न उपचार मेरो प्रेम रोगको ।
जानेछ यो रोग अबता
साथ साथ मेरो प्राणको ।

दिल्ली रमण रेग्मी कल्याणी रेग्मी स्मारक पुस्तकालय ★ काठमाडौं, नेपाल
Dilli Raman Regmi Kalyani Regmi Memorial Library 1997 ★ Kathmandu, Nepal
No. 770

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

गरोस् कृपा ईश्वरले
प्रेमका रोगी माथि.
बढ्दै जाने रोग त्यति
जति जति दियो औषधी ।

'मीर' हराएँ जैले देखि मन मैले
भएको छु पागल जस्तै ।

मेरो होश छैन, हराएको एकदम
तर आउँछन् जब उनी, आउँदैन होश कुनै पनि ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

मन होइन त्यो नगर
जो फेरी बसाउन सकिने
सुन हे, उजाडेर बस्ती यो
छौ तिमी पछुताउने ।

लागेको छ नशा मलाई
या त लेऊ मलाई हातमा आफ्नो
प्याला लिए जस्तै
अथवा हिंड म सङ सँगै
केही टाढा सम्म ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

उठ्यो बादल काबाबाट
झुम्न पुग्यो मधुशालामा
मदिरा प्रेमीको भीड भने
लाग्यो वरिपरि सुरही र प्यालामा ।

जब छैन फुर्सद रुँदा रुँदै लेखूँ म पत्र कसरी
नयनका आँशुले हेर बगायो लिपि यसरी ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

लिन चाहन्छ परीक्षा मेरो,
मन तिम्रो बेसै हो,
यसले गर्दा खुल्नेछ भेद
प्रेम र वासनाको अन्तरको ।

मृत्यु भनेको एक विश्रान्ति हो
त्यस पछि एक उच्छ्वास त लिने नै छौं ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

शरीर कुप्रियो, रङ् फुङ्ग उड्यो
तिमी निक्कै यसरी दुब्लायौ,
दुःखमा त तिम्रो 'मीर'
भयो हालत अचम्मको ।

उजाड मनको गरूँ कसरी वर्णन मैले
लुटियो यसलाई त सयौं पल्ट ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

न सोध मेरो फेरिएको स्थितिलाई
यी घटना त हुन् युग युगका नै ।

हामी छौं परिस्थितिले जकडबन्ध त्यस्तै
प्वाँख काटिएको कुनै चरा जस्तै ।

जब सोधें सहानुभूतिपूर्वक हाल मीरको
राखी हृदयमा हात आफ्नो आँशु बगाइ दिएँ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

थियो यो मनमा भेटें भने उनलाई
के के न भनुँला भन्ने 'मीर'
तर जब भेटें उनलाई
पाएँ विवश आफूलाई ।

प्रेमले दियो प्रकाश अन्धकारलाई
न हुँदो हो प्रेम न हुने थियो यो प्रकट पनि ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

शायद पुग्यो प्रेमाग्नि हृदयसम्म
आँशु त सबै भए झिल्को जस्तै
घोर नास्तिक थियो पहिले 'मीर'
जसले प्रेम-धर्म ग्रहण गऱ्यो ।

प्रेमले शायद लगायो दिलमा आगो
त्यस नगर तिर छ धुवाँ झैं देखिएको ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

दिलको बरबादी यस्तो छ, सकिन्न बुझ्न
थियो आबाद, धेरै दिन देखि निर्जन यहाँ भन्ने ।

अनिष्ट उठाएँ चोट पनि खाएँ धेरै
दिल लगाएर मैले त पछुताएँ धेरै ।

उनको हेराईका किसिम बारे नसोध
मनलाई मात्र छ थाहा, आह न सोध ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

फस्न गयो आखिर केश-जालमा
मन त सारै निस्संकोच थियो ।

चारै तिर घेऱ्यो मेघले साकी
देऊ मदिरा अब, बादल घेरै घेरै छ ।

तिम्रो अलकको प्रशंसामा
मेरा गीत पनि घुम्रिन पुग्दछन् ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

मनले चाहन्छ गरौं भोग विलास एक रात
तिमी होऊ, चन्द्र रश्मि अनि गुलाबी शराब होस् ।

रक्त भरिएको हृदय यहाँ
तिमीलाई भयो भ्रम मदिराको
शोख किन भएको मस्त तिमी,
खोई कहाँ छ मदिरा लौ ?

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

प्रेमको उत्तापले बाँकी रहेन हृदयमा केही, के भनूँ
अप्रत्याशित यस आगोले संपूर्ण घर नै पाऱ्यो खरानी ।

उल्टा भए प्रयत्न सबै,
व्यर्थ भए सब औषधी
देख्यौ तिमीले यो रोगी मन
भयो यसको अन्त नै ।
रोई रोई काटें यौवन
बन्द गरें आखाँ जब बूढो भएँ,
राती धेरै नसुतेकोले नै
बिहान भयो आराम गरें ।
हामी जस्ता निमुखालाई
किन शक्ति भएको आरोप गरेको ,
गर्छौ तिमी जे जे मन पर्छ
व्यर्थ हाम्रो बदनाम गरेको ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

यो सास रहुन् जेल दुःख रह्यो
मन नै जानाले सारै अपशोच भयो
मन पुग्न सकेन पछ्यौराको कुनामा
जमेको थियो रक्त-टुक्रा परेलामा ।

म छू घाइते कुरा हो यो,
उनले नून छर्ने मजा हो यो,
जलेको प्रेमको प्रारम्भमा म
देखिएको भष्म यो, हो अन्त मेरो ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कालचक्रले गर्दा मुटुमा चोट पऱ्यो
रोक्दा रोक्दै आफूलाई बेहोशी प्रमाद भयो,
बहुलट्टी सित किन हो पूर्ण भयो मित्रता मेरो
बिहानै देखि बेलुकासम्म विक्षोभ लागि रह्यो
कहिले आयो फींज ओठमा कहिले संज्ञाहीन रहें
कहिले भई अधीर हातमा पत्थर राखी रहें
कहिले हुंछु निमग्न आफू विस्मय सागरमा
गर्दन झुकाई कहिले ठूलो चिन्तावस्थामा
अनुचित काम गराउने भ्रम बढ्यो यति अघि
विभ्रम दृष्टि पऱ्यो मेरो आकाशै सम्म जति।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

जस तसको मुख हेरी रहने
अचम्म छ, यो ऐना हो कसको ।
साँझै देखि निभे झैं रहने
दिल भयो दीप निर्धनको ।
शक्ति कसको छ हाल सुन्ने 'मीर' को
हाल चाल नै बेग्लै छ भेलाको ।

जब कसैले मसित तिम्रो नाम लियो
सताइएको मुटु मेरो ढक्क भयो
निर्जन थिए मसजिद सामू मधुशाला
मदमस्त नैनले साकीको, बदला लियो ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

मिर्जा गालिब

कसैलाई व्यर्थमा दुःख दिनु होइन असल कुरा
अन्यथा हे ईश्वर, म गर्ने थिएँ तिम्रो प्रार्थना,
दिनू भनी मेरा विरोधीलाई मेरो जीवन नै ।

अब फर्कने घडी निकट आई सक्यो
अब त बाँकी छ ईश्वरको नाम एक मात्र ।

लुकेका छन् मेरो मौनतामा
रक्त-सिंचित लाखौं अभिलाषा
म वाणीहीन त्यस्तै
निमुखा व्यक्तिको चिहानमा राखिएको
निभेको एक दीप जस्तै ।

जब बित्यो जीवन यस रूपमा 'गालिब'
भगवान् थिए यसका रक्षक, सम्झनु कसरी मैले ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
मनुष्य नआउनु तिमी अस्तित्वको धोकामा,
सम्पूर्ण जगत् केवल कल्पनाको जालो हो
माया हो, छल हो ।

संसारको रूप उसको नाम स्वीकार गर्नु मात्र हो
अरु कुनै रूप यसको छैन स्वीकार मलाई
वस्तुहरूको अस्तित्व मेरा निमित्त
भ्रमका अतिरिक्त होइन केही पनि ।

सम्पूर्ण संसार हो एक मैदान बालुवाको
यसको कल्पना गर्ने कसरी कसैले
रूपमा नदीको लहरको ।

संसारको सम्पत्ति त दुःख मात्र हो
संसार स्वयं नै एक मुठ्ठी धूलो हो
आकाश त मलाई लाग्छ
चराको एक फूल जस्तै ।

Digitization by Hindu Heritage Foundation of America, HHFA(USA)

मेरो भाग्यमा तिमीले लेखेको यतिको दुःख भए
हे ईश्वर, दिन पर्नें थियो यसलाई सहने कैयन् हृदय पनि ।

हे अन्यायी भाग्य, केही त देऊ तिमीले
नभए केही, मनभरि रुन त देऊ तिमीले ।

जसको आशा नै भर पर्दछ आफ्नो मृत्युमा
त्यस्ताको निराशा कस्तो होला ।

हुने आशा पूरा, लक्षण छैन कुनै
देखिन्न यस बाहेक उपाय पनि कुनै ।

प्रेमले मनलाई ठूलो आनन्द दियो
मनको वेदनालाई राम्रो औषधी दियो,
तर साथै बढ्यो वेदना अर्को
छैन जसको औषधी कुनै पनि ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

संसार हो खेल बालकको दृष्टिमा मेरो
खेलिन्छ यो दिन रात नै दृष्टिमा मेरो ।

सृष्टिका सबै निर्णयकारी तत्व
छन् पूर्ण पतनोन्मुख
आकाशको सूर्य पनि
हावाको मार्गमा राखिएको दीपक जस्तै
निभ्न जाने छ
हावाको एक झोक्कामा नै ।

न मेरो छ कुनै अस्तित्व
न कुनै अनस्तित्व नै छ ।
यसको अर्थ यही नै हो
म नै होइन भन्ने ।

न आउनु अस्तित्वको
कुनै धोकामा तिमी,
अस्तित्वको त
कुनै अस्तित्व नै छैन ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

हुन्न प्रेममाथि बस कसैको
हो 'गालिब' यो आगो सरह,
बाल्न खोजे बल्दैन
निभाउँदा निभ्दैन ।

प्रेमले 'गालिब' बनायो मलाई बेकामको मानिस
नभए म पनि थिएँ कामकै मानिस ।

प्रेम गरेर बाँच्नु मर्नु, छैन कुनै फरक पनि
जुन प्रेम पात्रका निम्ति मर्छौं, बाँच्ने त्यही नै सहारा पनि ।

तिम्रो अलक छरिन्छ जसको भुजा पाशमा
वास्तविक निद्रा उसको हो,
वास्तविक गर्व उसको हो
वास्तविक रात उसको हो ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

ए प्रमादमा डुबेका मनुष्य हो
जीवनको अवधि एक क्षण मात्र हो,
संसारमा देख्दछौ जुन हलचल तिमीले
विनाशक झिल्कोको नृत्य भरी मात्र बाँच्ने हो ।

अस्तित्वको दुःख त मेटिन्छ
केवल मृत्युले नै
हर संकट बोकेर बल्दछ
दीपक प्रातःकालसम्म नै ।

म छू टाढा वास्तविकता भन्दा त्यति
जति ईश्वर भन्दा बेग्लै ठानी
आफू परेको छु भ्रमको जालोमा ।

संसारमा सुख र आनन्द
मेरो दृष्टिमा होइन केही पनि ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

बोल्दछन् प्रेयसीका मौन आँखा पनि
जसलाई भन्छौ तिमी गाजल,
त्यो त हो धुवाँ
प्रेयसीको बोलीको झिल्कोको ।

आफ्नो प्रेयसीको ऊँचाईको शान नदेखुन्जेल
थिएन मलाई विश्वास,
कि हुन्छ प्रलयमा
हल्ला यस्तो पनि ।

सुनेको छु कथा मैले
स्वर्गबाट मानिस खसेको पृथ्वीमा,
तर तिम्रो गल्लीबाट भने
निकालिएँ म ज्यादै अपमानित भई ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

ढोका पर्खाल नभएको घर यस्तो होस्,
जहाँ कोइ छिमेकी नहोस्, कोइ पाले नहोस् ।

तिमी थियौ पूर्णिमाको चन्द्र मेरा निमित्त,
किन रहेन केही छिन बढी त्यो उज्यालो तिम्रो ।

दर्पण- घरमा तानी लग्यो भने कसैले
देख्ने छु मैले पराजयको आफ्नो नाटक ।

दुःख र संकटका रात हुन्छन् भयानक अत्यन्त
मलाई हुन्थ्यो मरनु असल, यदि एक पल्ट हुन्थ्यो ।

शोकले अभ्यस्त मनुष्यको
वेदना नै मेटिन्छ,
म माथि पर्‍यो दुःख यति
कुनै दुःख, दुःख देखिन्न ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
यदि तिमीले दिएको वचनमा
जीवित छु भन्ने लाग्दछ तिमीलाई
त भन्ठान यो असत्य हो,
यदि भए भरोसा वचनमाथि तिम्रो
खुशी खुशी नै थिएँ मर्ने म ।

प्रेयसीसित हुने मिलन, कहाँ छ सौभाग्य यस्तो
धेरै बाँची रहे पनि, रहन्थ्यो यही प्रतीक्षा नै ।

मिलनमा हुन्छन् खुशी, जान्नन् सुकेर यस्तरी
तर के गरूँ मैले, अब आयो आकाँक्षा वियोगको
समक्ष मेरो ।

प्रातः काल नै सन्ध्याको सूचक हुन्छ,
कार्य प्रारम्भ नै त्यसको अन्तको परिचय दिन्छ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

जब तिमी बाहेक छैन केही वस्तु विद्यमान भने
हे ईश्वर, यो हल्ला खल्ला के हो त ?

यी परी जस्ता सुन्दर के हुन् त ?
यिनका हाउ भाउ के हुन् त?

बास्ना छर्ने घुम्रीएको अलक के हो त ?
गाजल लाएको आँखा के हो त ?

बिरुआ र फूल कहाँबाट आए त ?
बादल के वस्तु हो, हावा के हो त ?

वसन्तको तीव्रताले
ईश्वरको छविमाथि पर्दा हाल्यो,
छ रूप परमात्माको
विद्युत् समान,
कुनै सौन्दर्य पनि
गर्न सक्दैन समानता यसको ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

छ मलाई भय आफ्नो प्रेम- प्रतिद्वन्द्वीको
त्यसैले छु म अधीर र बेचैन,
तर छ भएको उत्पन्न
हृदयमा तिम्रो व्यर्थको शंका
र त्यसमा गएको छ अल्झन तिम्रो मन ।

रोग भएन प्रार्थी औषधीको
म निको भइन, खराब भएन ।

दया गरी मेरो दुःखमा
गर्लान् मित्रले उपचारको कस्तो प्रयत्न,
जसै भरिने छ घाउ मेरो
त्यसलाई कोट्याउने नङ पनि
बढ्ने छ मेरो ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

म हूँ व्यक्ति एक
हराएको कल्पना- जंजालमा,
बिर्सने व्यक्तिको रूप नै
मेरो चिन्ह हो ।

सक्दैन प्रदान गर्न सन्तोष
मेरो रुष्ट हृदयलाई
मृत्युको कल्पना समेतले,
म भित्र लुकेको आकांक्षा
त त्यस भन्दा माथि छ ।

म छैन भयभीत
प्रेमको अत्याचारले
तर जुन हृदयमाथि
मेरो गर्व थियो
त्यो हृदय
अब शेष रहेन ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

हुँदैन समाप्त कहिल्यै संघर्ष प्रेम वेदनाको
मन नै समाप्त भए पनि, बाँचीरहन्छ वेदना ।

छैन अब हृदयमा कुनै स्मृति सम्म बाँकी, प्रेयसीको
लाग्यो यस घरमा यस्तो आगो, सबै खरानी नै भए ।

सुन हे साकी, रक्सीको बट्टुको जत्रो छ
मेरो प्यासको नशा त्यत्रै छ ।
यदि तिमी समुद्र हौ, भने मदिराको
म त्यसको खुमार हूँ तटको
प्यास मेटिंदैन कदापि जसको ।

छालले मदिराको उफ्रिरहे छन् प्याला नै
र मधुशालाको कुना कुना
प्याला लिएका हातमा
मदिरा प्रेमीबाट छ भरिएको ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

मृत्यु त एक दिन निश्चित छ
निद्रा किन रात भरी आउन्न ?

उनलाई देख्दा आउँछ मेरो अनुहारमा चमक
उनी भन्ठान्छन्, बिरामीको हालत सप्रेछ ।

आत्म-विस्मृतिले गर्दा मैले
आफ्नो प्रेयसीको गल्ली नै बिर्से
अन्यथा एक दिन जाने थिएँ
खबर बुझ्न लाई ।

तिमी भन्न सक्द छौ
तिमी मेरो हृदयमा होइनौ विद्यमान भनी
तर तिमी मात्र मेरो मनमा छौ भने
भन, किन तिमी हुन्नौ प्रकट
मेरा समक्ष ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
कहिलेसम्म पठाऊँ मैले लेखि लेखि
वेदना हृदयको
अब त बरु जाऊँ उनी कहाँ
देखाऊँ यी घाइते औंलाहरू
र कलम आफ्नो
जसबाट खसी रहेछ
थोप्ला थोप्ला रगत ।

यदि भएन सन्तोष तिमीलाई
मेरो मृत्युबाट भने पनि,
नमान तिमीले
मेरो मृत्युले प्रस्तुत परीक्षालाई
कुनै परीक्षा होइन भनी ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

नसुन गालो गरे पनि कसैले
नभन बिगार गरे पनि कसैले ।
रोकिदेऊ यदि जान्छ कुबाटो कोही
क्षमा गर यदि गर्छ दोष कोही ।

यदिकसैलाई प्राप्त होस कालो दिन मलाई जस्तै
उसले दिनलाई रात नभनोस त के गरोस ।

आयु भाग्दैछ अश्वको गतिले अब
न छ हातमा लगाम न रकाबमा खुट्टा नै ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

यदि विश्वास छ तिमीलाई
ईश्वरले सुनला तिम्रो प्रार्थना भनी
न माग ऊसित तिमी केही पनि,
यदि माग्ने नै भए इच्छा, माग हृदय त्यस्तो,
जो होस लक्ष्य रहित, त्रास रहित, रहित आकाँक्षानै ।

सुन्दरताको गर्नु संझना नै
गर्नु हो एक सुन्दर कार्य,

यसै निति नै खुल्यो एक ढोका स्वर्गको,
चिहानबाट मेरो ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

उद्देश्य प्राप्तिलाई नै
प्रेरित गर्छ आकाँक्षाले
कार्य गर्न निरन्तर,
मृत्यु न हुँदो हो त
हुने थिएन जीवन प्रतिको
यस्तो आकर्षण ।

पानीको प्रत्येक थोपाले
गर्न सक्छ घोषणा,
"मै हूँ महासागर" भनी ।
निश्चय नै जब गर्छ कसैले
अरुमा समर्पण आफूलाई,
अनि मात्र हुन सक्छ ऊ
त्यसमा लीन ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

हे ईश्वर ! कोही पनि प्रेमको रोगी नबनोस्
बरु मरोस् ऊ, यो रोग न लागोस्
कैद परी गलफन्दी लागोस् त्यहीं नै मरी रहोस्
तर प्रेम-जालमा ऊ फस्किन नजाओस्

के गरुँ वर्णन यो बिग्रेको जीवनको
मरी मरी त म बाँची रहेको
मेरो नराम्रो हालत भन्न हुने छैन
तिमीले सोध्यौ त गर्‍यौ कृपा नै
ओठको प्यासले मरे तिम्रा प्रेमी
पाएनन् एक थोपा पानी पनि
जसले गर्दा हरायो निद्रा 'मीर'ले हिजो
प्रारम्भ भयो फेरी त्यही कहानी नै ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

विरहाग्निबाट मनलाई सकिएन बचाउन
सामुन्ने जली रहेको घर सकिएन निभाउन,
मनको आँखामा कति कम उत्साह आफ्नो
प्रेमको गोप्य कुरा सकिएन लुकाउन ।

देखें अन्याय र कृतघ्नता देखें
बेसै भयौ, तिम्रा सबै खराबी देखें
तिम्रो मिलनको चाहमा भएँ आवारा
मिलेका साथीहरू छुट्टिएको देखें ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

मन गयो यसरी, अहिले सम्म
बसेको छू रुँदै, मल्दै आफ्नो हात,
भरिएर आउँछ आज आँखा यसरी
बाढी आएको नदी भरिन्छ जसरी,
आयो मेरो अन्तिम समय, बस यता
गर धैर्य एक छिन्, जाने छु साथै म पनि ।

डर छैन यो जिन्दगी गुमाउनै
छ सोख केवल प्रेम जगाउनै,
मेरो नराम्रो हाल न हेर
यो त हो युगको संयोग नै ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

के भनु, सकिन्न केही भन्न
अब त चुप पनि रहन सकिन्न ।
मनले सकोस् बोक्न,कहिले सम्म दुःख यो
अब सकिन सहन अन्याय यो ।
प्रेम-मग्न छ मोती समुद्रमा
अब त ऊ बग्न सम्म न सक्ने भयो ।

तिम्रो कालो अलकको संझनामा आँशु बगी रहे
वर्षाको कालो रातमा जुंकिरी चम्की रहे ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

खरानीसित किन नमिसिएको हूँ 'मीर' म
ममाथि त बज्राघात परेको छ ।

आँशुको बाढी चल्यो यस्तो
नदीसित ओठ जोर्न पुग्यो ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

अब एकान्तको पछ्यौरा ओढें मैले
मृत्युसित मनको परिचय गरें मैले
थियो अमृत-स्रोत नजीक मेरो
तर त्यसलाई खरानीले भरें मैले

उनको अत्याचार प्रति आभारी हुन सकिन,
मनसित मेरो उजूर यै नै छ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

बंगैचाको सुने थें नाम,
तर अफसोस, देखिन मैले,
यस संसारको पिंजडामा नै
बिताएँ जीवन मैले ।

कस्ता हुन् ती जो बाँचदछन् सय वर्ष,
तर म भने 'मीर'
यस चार दिनको जिन्दगीमा नै
परेशान भैसकें ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

ए प्रलयको हो हल्ला !
मलाई सुतेको सुत्यै न छाडनु,
यदि यताबाट गयौ भने,
मलाई पनि बिउँझाई दिनु ।

लाचारी यति लाम्रो अवधिसम्म
बस्यो मेरो चिहान माथि,
मेरो खरानी निर हिंडने पनि
रोएरै गए ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

न भेट 'मीर' अब धनीहरूसित तिमी
भएको हाम्रो माग्ने त उनको धनले गर्दा नै हो ।

यदि छैन मन्दिर भने 'मीर' काबा त छ
के हाम्रो कुनै ईश्वर छैन ?

ए आँशु नढल्कनु परेलाबाट मेरो
व्यर्थमा खस्ने छ मोती जस्तो पानी तेरो ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

मृत्यु भनेको हुनु खरानी
र भई खरानी उडदै रहनु,
यस पथमा त अझै
उपस्थित उद्देश्य छन् ।

फरहादले पहाड के फोर्‍यो ?
यो त हो शक्ति प्रदर्शन गरेको प्रेमले ।

मैले भने फूलको स्थायित्व कस्तो छ,
कलीले यो सुनी हाँसी मुसुक्क ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

निरन्तर रोएर शायद निभोस् आगो मनको
एक दुइ थोपा आँशुले त अझै आगो बाल्दछ ।

म बागमा गए थें, फक्त सकीन
फूलको सुगन्धसित मित्रता भएन,
शिर कसैका समक्ष निहुराउन आउन्न
अफसोस, भएँ भक्त, भगवान् भइन ।

फकीर जस्त आएँ, फकीरको आवाज गर्दै गएँ
ए मेरा मित्र खुशी रहू, म आशिर्वाद दिदैं हिंडें ।
तिमी विना, बाँच्दिन भन्थें म
त्यो वचन अब पूरा गर्दै हिंडें ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

फूल बिलाए, कली बिलाए, बाग भए अस्त-व्यस्त
कस्ता कस्ता मौसम हाय, देख्दा देख्दै भए अन्त अन्त ।
बिहान देखि बेलुका सम्म यस बागमा जो हाँसी रहन्थे
आँशु भरिएको आँखा ली, ती शीत-बिन्दु झैं बिलाइ गए
प्रेमीहरूले गरे कतिका खोजी त्यस दिवाकरको
पूर्व पश्चिम सूर्य लाली, रक्तको आँशु लिएको ।
शायद अब दिलका टुक्राहरूले आँखाको निश्चय लिए,
हुनु पर्छ केही कारण, आउँदा आउँदै आँशु थामिए ।

अब बिर्सी दिएर अप्रसन्न गर्नै छौ
तर जब म हुने छैन, धेरै संझने छौ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

म रहें जीवन भर शराबी जस्तै
रक्त-मय हृदय गुलाबी जस्तै
जिउ जली रहेछ बिहानै देखि लौ ।
रात बित्ने हो कुन मस्ती ले लौ ।
कलीले सिके कम कम फक्रनलाई
उनको अर्ध-मुदित आँखा देख्दा,
थियो काम प्रेममा धेरै, तर मीर
मेरो त मृत्यु भयो झट्टै जस्तै ।

जता हेर्‍यो छ प्रेम नै प्रेम
सारा दुनियाँमा भरिएको छ प्रेम ।
प्रेम प्रियतम हो, प्रेमी पनि प्रेम
अर्थात् आसक्त छ स्वयं माथि प्रेम ।
को छ पुगेको लक्ष्य विना प्रेम,
अभिलाषा हो प्रेम, अभिप्राय पनि प्रेम ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

के गरूँ मन नै त लाचार छ
पृथ्वी छ निर्दयी, आकास टाढा छ ।
मनको कामनालाई दिएँ प्राण लौ
शिष्टता मेरो त प्रसिद्ध छ ।
आफ्नो मनको स्वभाव छ अत्यन्त कोमल
यदि यो काँच खस्यो भने, हुन्छ चूर चूर ।

जब नाम तिम्रो लिन्छु भरिएर आउँछन् आँखा,
यस्तो जीवन व्यतीत गर्न, हृदय कहाँबाट आओस् ।
मधुशाला हो त्यो क्रीडास्थल, हर प्रातः जहाँ
पर्खालमा, सूर्यको मस्तीले उच्चता पाओस् ।
बागमा झुम्दै आउने बिहानको मृदुल समीर
त्यस बन्दी चराले कसरी थाहा पाओस् ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

फूल र बुलबुल वसन्तमा देखें,
एक तिमीलाई हजारमा देखें ।
जली सक्यो मन, फुस्रा छन् आँखा
यो त केही प्रतीक्षामा देखें ।

जुनदिन उठने छ परदा उनको मुखबाट
त्यस दिन देखि सूर्य उदाउने छैन ।

मनमा थियो भेटें भने के के न कुरा गरौंला भन्ने 'मीर'
तर भेटें जब, हेरी रहें लाचार भै कन ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कम्मर मसिनो यस्तो छ जसको सकिंदैन वर्णन गर्न ।
अनुमान गर्न नसकिने कुराको कल्पनै किन गर्नु ।।

ध्यान थियो प्रेमको बदनामी होला भन्ने,
अन्यथा, थिए आएका कैयन् आँशु परेला सम्म ।

आँखासित सोधें हालत दिलको
एक थोपा रक्त टपक्क खस्यो ।

Digitization by Hindu-Heritage Foundation of America. HHFA(USA)

मारको कात्रो खोलेर हेर्दा त
देखियो उनको आकाँक्षा निद्रा-मग्न ।

चित्तको असीम संलग्नतामा दुःख सुख समान छन् मेरा,
न दुःख छ मर्ने मलाई, न त बाँच्ने आनन्द नै ।

पहिले थिए यी आँखा सरिता सरह
अब भए दुवै मृग मरीचिका समान ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

फूल जस्तै भएको भए, यस बागको म मित्र हुन्थेँ,
प्रभात समीरको साथी हुन्थें, र कतै बिलाई जान्थें ।
सारा शरीर बन्दी भयो, मेरो आफ्नै तृष्णामा
नत्र म थिएँ ईश्वर नै, यदि तृष्णा नहुँदो ता ।
आकासले, अफसोस मलाई रूपमा
माटो नैरहन दिएको भए
त हुने थिएँ,धूलो बाटोको, वा कसैको पदको धूलो ।
भगवान् हुन् कस्ता, जसलाई होस् तृष्णा भक्तको
मलाई त लाग्छ लाज, भगवान् हुनु यस्तो रूपको ।

मत हूँ बिहान निभ्न लागेको बत्ती एक
एक प्रभात समीर, एक क्षणका
निमित्त, मसित किन शत्रुता

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

हेर त कस्तो, जीवनबाट मन नै उठेको
यो धुवाँ कता कताबाट उठेको,
जलेको कसको मनको चिह्रान हो यो, उषा यो,
बिहानै ज्वाला अग्निको यहाँबाट उठेको ।
दिलको निवासबाट कदापि नजाऊ
उठदैन कोही पनि यस्तो सदनबाट ।
बस्न उसलाई दिने अरु कसले होला,
जो जान्छ उठेर तिम्रो सँघारबाट ।
अह म हिंडे त्यस गल्लीबाट यसरी
संसारैबाट उठ्दछ कोही जसरी ।

उसको कृपा प्रति ए साथी न हौ आकर्षित
धेरै अघि, ममाथि पनि थियो कृपा उसको ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

गर फिक्री केही, म जस्तो विक्षिप्तको
चर्चा छ फेरी ठूलो, वसन्त आउन आँटेको ।

सय पल्ट उ काबा गयो त के भयो
जसले यहाँ मनमा सकेन एउटा बाटो बनाउन ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

दिल थियो टुटेको यस प्रकार, कि रातमा 'मीर'
जुन कुरा ओठमा आयो, त्यो नै फिराद भयो ।

थाहा भए मलाई, गर्ने थिइंन प्रेम कसैका साथ
लग्ने थिएँ मुटु माटोमा, यसै इच्छाको साथ ।

आनन्द के हो, गरेर सबै सित प्रेम
त्यो मात्र प्रेम हो, जसको हुन सकोस् निर्वाह ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

प्रेमको प्रारम्भ मै आगो थिएँ म
अब यो खरानी नै, यसको अन्त हो ;
हो अस्तित्व मानिसको थोपा शीतको जस्तै
एक दुइ क्षण मै यो बिलाई जाने जस्तै ।

दुनियाँमा रहुन् जेल, खुशी रहू या दुःखी रहू,
केही यस्तो गरेर जाउ, सँधै याद रहू ।

तिम्रो सँघारको माटोमा बराबर राखें शिर आफ्नो
भाग्य कस्तो, यसमा पनि, तिमीले मलाई भन्ने कृतघ्न ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

मोहम्मद इकबाल

'मानिस र प्रकृति'

प्रभातमा उज्वल सूर्य देखा पर्छ
मैले स्वर्ग र पृथ्वीका उपस्थित
समूहलाई प्रश्न गरें--
तिम्रो उज्वल मुहारको ज्योति उत्तप्त मण्डलको

न्यानो किरण-पुंजले अनुप्राणित छ,
जसले तिम्रो प्रवाहलाई रजत-तरङ्गमा
परिणत गर्छ,
त्यसै सूर्यले तिमीलाई

ज्योतिको गहनाले सिंगार्दछ,
र जसको राँकोले
तिम्रो गोष्ठी उज्वल राख्छ ।
तिम्रो गुलाफ र गुलाफ वाटिका

हुन् तसवीर स्वर्गका,
जहाँ सूर्यको विधि-विधानले
यसको साज चित्रित गर्छ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

फूलको सिन्दूरी आवरण हेर
वृक्षको पन्ना सरह,
हरिया र राता छन् तिम्रा परिषद्का
परीहरू सुन्दर सुकोमल ।

तिम्रो अग्लो मण्डप नीलो आकाश,
त्यसमा स्वर्णिम झल्लर देखिन्छ,
जब क्षितिजको वरिपरि सुनौला बादल
लडी-बुडी खेल्दै अघि बढ्दछन्,

र जब संध्याको पेय- पात्रमा तिम्रो
गुलाफी अमृत बग्दछ ।
गोधूलीमा, सुन्दर, मृदु

सिन्दूरी तेज देखिन्छ ,
उत्कृष्ट स्थान तिम्रो छ
दीप्ति सर्वव्यापी तिम्रो छ ।

तिम्रो चेतना ज्योति बाक्लो छ
उत्प्रभ कान्रो जस्तै,
प्रभातले तिम्रो प्रतापको प्रशंसामा
ओजस्वी गीत गाउँदैछ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

सूर्यको त्यस दीप्तिमा
रात्रीको कुनै चित्थ्ो देखिन्न ।
र म पनि बस्दछु
आलोकको यसै आलयमा ।
तर किन निभी सकेका ताराहरू
अझै छन् भाग्यका स्वामी मेरा ?
किन अन्धकारको साङलोले जकडिएर,
कुनै किरण भन्दा टाढा भएर,
दुर्भाग्यमा, दुर्दिनमा र दुष्कर्ममा
बस्नु पर्ने मैले ?

सुनें मैले कतैबाट आवाज एक
स्वर्गको बार्दलीबाट अथवा नजिकैको भूमिबाट

तिमी सृष्टिका माली हौ
तिम्रो दृष्टिले नै बाँचदछन् फूलहरू,
तिम्रो प्रकाशमा नै मेरो अस्तित्व
भर पर्छ अथवा अन्त हुन्छ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

सबै सौन्दर्य तिमीमा निहित छ
म त तिम्रो आत्माको केवल चित्र हूँ ।
म त्यसको व्याख्या हूँ
तिमी भने प्रेमको आवर्ती हौ ।

मलाई नछाडने मेरो काँधको भारी
हटाई दियौ तिमीले नै ।
मेरा भताभुंग कृतिहरूका
तिमी पुनर्निर्माता हौ ।

मेरो अस्तित्व त केवल बाँचेको
सूर्यबाट प्राप्त निवृत्ति भरणमा,
यो सूर्य नरहेमा, मेरो वाटिका
मरुस्थल हुन पुग्ने छ ।

तिमी अल्झी रहेका
तृष्णा र विश्रान्ति रहित जालोमा,
अझै छौ अज्ञानी तिमी

यस्तो स्पष्ट देखदा देखदै ।
हुनु पर्ने आत्म विश्वास तिमीमा
तर गर्छौ तिरस्कार स्वयंलाई ,

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

भित्री तह सम्म मोहले
ढाक्छौ आफ्नो मनलाई,
यदि तिमीले स्वयंको मूल्य सत्य रूपमा
सक्यौ जोख्न भने,
तिमीमा रहने छैन कदापि
दुर्भाग्य-- दुर्दिन र दुष्कर्मका ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

धनीमा, निर्धनमा, राजामा, दासमा ।
कुनै काम हुँदैन पूरा, उन्माद पूर्ण साहस नभई ।।

बाजा बजाउनेले हुन्न असावधान हुन कदापि ।
कहिले काहीं अशुद्ध सुर पनि हुनसक्छ
शुभ सन्देशवाहक देव-दूत ।।

प्रेम तिम्रो अन्तिम सीमा, प्रेम मेरो अन्तिम सीमा
तिमी पनि अझै अपूर्ण, म पनि अझै अपूर्ण ।।

कृत्यले नै बन्दछ जीवन, स्वर्ग पनि र नर्क पनि ।
यो शरीर माटोको आफ्नै प्रकृतिमा, न दैवी हो नहो नारकीय

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

आगो निभ्यो यता, पालको टुटेको डोरी उता ।
के थाहा, यस बाँसबाट गए यात्री-दल कैयन् कैयन् ।।

बुद्धिसित सन्देश बाहेक छैन अरु केही पनि ।
तिम्रो औषधी नजर बाहेक छैन अरु केही पनि ।।

जीवन-रहस्य, रहन्छ रहस्य, जबसम्म हुन्न रहस्यवेत्ता कुनै
हुन्छ जुन बेला त्यो उद्घाटित, रहस्यवेत्ता बाहेक हुन्न केही पनि

स्वीकार गरें, छैन म योग्य तिम्रो दर्शन पाउन ।
तिमी मेरो लगन हेर, मेरो प्रतीक्षा हेर ।।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कैदमा परेपछि मलाई स्वतन्त्रता प्राप्त भयो ।
मेरो मन लुटिए पछि मेरो घर आबाद भयो ।।

तिम्रो कृपा दृष्टिले छन् व्यतीत भइ रहेका मेरा दिन ।
न निन्दा छ मित्रहरूको न उजूर छ समयसित नै ।।

मानिसको जीवन मृदु भाषी पक्षी जस्तै हो ।
हाँगामा बस्यो, केही क्षण बोल्यो, अनि उडेर गो ।।

ए आकाशमा उडने पंक्षी, त्यो अन्न भन्दा त मृत्यु असल ।
जुन अन्नले पुऱ्याउँछ उडानमा बाधा ।।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

आफ्नो मनमा डुबेर पाऊ रहस्य जीवनको ।
यदि बन्दैनौ तिमी मेरो भने, आफ्नो त बन तिमी ।।

पारस्परिक मेल मिलापमा सारा व्यवस्था छन् टिकेका ।
यो रहस्य लुकेको छ ताराहरूको पनि जीवनमा ।।

यो व्याकुल लहरलाई किनारले सन्देश दियो ।
समुद्रको मिलन अहिले टाढा छ,तिमी घबडायौ नदीबाट नै

नयाँ सूर्य जन्म्यो ब्रह्माण्डको गर्भबाट
आकाश ! डुबेका ताराहरूको मृत्यु-शोक कहिले सम्म ?

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

पुष्प-पत्रले काट्न सकिन्छ हृदय हीराको ।
तर अनभिज्ञ मनुष्यमाथि पर्दैन असर कविताको ।।

प्रेमको एक उफ्राइले सबै कथा समाप्त गर्‍यो ।
यसै भूमि र आकाशलाई अथाह संझेथें मैले ।।

न मदिरा छ, न सुराही, न छ पान-पात्र ।
केवल रंगिएको छ संसार हेराइले प्रेयसीको ।।

मलाई प्रकृतिले बाध्य गर्दैछ निरन्तर गाउनलाई ।
अझै गोष्ठीमा शायद कुनै दुःखित बाँकी छ ।।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

तिम्रा स्वतन्त्र भक्तहरूको न यो संसार न त्यो संसार ।
यहाँ मरणको बाध्यता, उहाँ अमरताको बाध्यता ।।

प्रत्येक दुःखी मनलाई
रुवाओस् मेरो रोदनले
जो बेहोस् देखिन्छन्
तिनलाई शायद यसले बिउँझाओस् ।

कहिले मसित
कहिले अरुहरूसित मेल मिलाप छ ।
के भनूँ तिमीलाई
तिमी त सर्वव्यापी छौ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

हल्लाखल्लाबाट टाढा जान चाहन्छु म,
खोज्दछ मेरो मनले यस्तो शान्ति
जसका प्रति भावग पनि होओस् आसक्त ।

सौन्दर्य होस् कसरी आत्म-प्रदर्शक
जब कुनै प्रशंसक नहोस्
बत्तीलाई बल्न के मतलब
जब गोष्ठी नै नहोस् ।

तिम्रो बोतलमा मदिरा बाँकी छैन
बताऊ के निमी मेरो साकी होइन ?
समुद्रबाट पाओस् प्यालाले शीतको थोपा
यो कृपणता हो, दानशीलता होइन ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

यदि ताराहरू टेढो बाटो हिंड्दछन् भने
आकास तिम्रो हो अथवा मेरो हो ?
संसारको चिन्ता मलाई होस् किन,
यो विश्व तिम्रो हो अथवा मेरो हो ।
मोहम्मद[१] पनि तिम्रो, जबरील[२] र कुरान[३] पनि तिम्रो
तर यो मीठो बोलिको प्रस्तुत कर्ता
तिम्रो हो अथवा मेरो हो ?

---

१. इस्लामका धर्मगुरु
२. देवदूत
३. मुसलमानहरूको धर्मग्रन्थ

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

यो चम्किलो अलकलाई अरु चमकदार गर ।
बुद्धिको शिकार गर, या मन मस्तक शिकार गर ।।
प्रेम पनि होस् लज्जा भित्र, रूप पनि लज्जै भित्र ।
या त आफू हौ प्रकट अथवा मलाई प्रकट गर ।।

आफ्नो घुम्ने ठाउँलाई आकास तल सम्झेको मैले
पानी-माटोको खेललाई आफ्नो संसार सम्झेको मैले,
हट्न गो पर्दा जसै अन्त भो जादू नजरको
एक नीलो ओढनेलाई आकास सम्झेको मैले ।
यात्री-दल थाकी थाकी शून्य-घुमाउरोमा गयो
चन्द्र-सूर्य-वृहस्पतिलाई सहगामी नै सम्झेको मैले ।
प्रेमको उफ्राइले पूरा गर्‍यो त्यो सब कथा
भूमि र आकासलाई नै अथाह सम्झेको मैले ।
त्यो थियो दुःखी पथिकको दर्दले भरिएको स्वर
त्यसलाई नै यात्री दलको आवाज झैं सम्झेको मैले ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

तिमी हौ अथाह सागर म हूँ एक सानो नदी
या त मिलाऊ आफूमा अथवा बनाऊ विशाल मलाई ।

प्रेमका घाइतेहरू घुम्दैनन्
औषधीको चिन्तामा,
यी घाइतेहरू त
आफैं नै बनाउँछन्
आफ्नो मलहम ।

रात्रीका यात्रीहरू
थाक्न जाउन् जुन घडी
उनको आशा त्यस घडी
मेरो फुटेको दीप होस् ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

मागेको यस जीवनमा प्रेमको के अर्थ हो,
नश्वर यस शरीरमा अमर प्रेमको के अर्थ हो ।
त्यो प्रेम जसको ज्योति निभाओस् मृत्युको हावाले,
त्यसमा छैन आनन्द कुनै तपन प्रतीक्षाको ।
मेरो अस्तित्व केवल यस सासको हो गर्मी र चमक,
ज्वालासित हो व्यर्थ, झिल्कोले अल्झनु अब ।
पहिले गर प्रदान मलाई एक अमर-जीवन नै
अनि हेर रुचि र रसिकता व्याकुल-हृदयको मेरो ।

तेरो ए मजनू, किन निभ्यो प्रेमको आगो
लैलाको ढंग भने त अझै लैलाको जस्तै छ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

तिम्रो प्रेमको लौ परीक्षा चाहँदै छु,
म कति सोझो हेर म के चाहँदै छु ।
पर्दा उठाउने वचन अत्याचारै भए पनि
कुनै धर्मको कुरा जाँच्न चाहँदै छु ।
सौभाग्य होस् स्वर्ग उपदेशकलाई नै
म त तिम्रो सामू आउन चाहँदै छु ।
केही क्षणको हूँ पाहुना म, सुन ए जगत्
बिहानको दीप हूँ निभ्न चाहँदै छु ।
भरिएको गोष्ठी मैं बताएँ लौ कुरा गोप्य
बडो धृष्ट छू सजाय चाहँदै छु ।

जुन दिलमा होस्
सच्चाईका निमित्त मरने तडपन,
पहिले उसले यस माटोको
शरीरमा उत्पन्न गरोस् जीवन नै ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

बुल बुलको विदीर्ण हृदय देख्दा
तँलाई पीर किन ए फूल,
तँ पहिले आफ्नो पोशाकका
ख्वालहरू त टाली हाल ।
यदि छ भने इच्छा प्रतिष्ठाको
अस्तित्व यस उद्यानको,
त्यसो भए आफ्नो जीवन
काँडाहरूमा बिताउने अभ्यास गर ।

प्रत्येक मोतीले सिपीलाई फोरि दियो
तिमी मात्र हौ जो तत्पर छैनौ, आउन प्रकाशमा ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

ए पारखी, तिम्रो अभिरुचि खोजको उत्तम छ तर ।
नदेखोस् जसले सत्यता वस्तुको, त्यो दृष्टिनै के को ।।
हुँदैन जसले तरंगित नदी हृदयको ।
ए वर्षाको थोपा, त्यो सीपीनै केहो, त्यो मोतीनै केहो ।।
कविको राग होस् अथवा गायकको श्वास होस ।
जसले गर्दा होस बाग उदास,त्यो प्रभात-समीरनै केहो ।।

अहंभाव त्यो नदी हो
जसको किनारा छैन,
यदि तिमीले संझ्यौ
त्यसलाई नहर भने त्यसको उपाय छैन ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

नदी खस्दछ पर्वतको शिखरबाट गाउँदै ।
आकासका पक्षीहरूलाई गीत सिकाउँदै ।।
अप्सराका कपोल झैं प्रकाशमान छ उसको अनुहार ।
उपत्यकाका पत्थरमा खस्दा हुन्छ ऊ चूर चूर ।।
कुलोबाट उसको राम्रा राम्रा मोती बने ।
त्यस दुर्घटनाबाट पानीका तारा बने ।।
बगी रहेको पारोको नदी, छिन्न भिन्न भइ फाट्न गयो ।
व्याकुल थोपाहरूको दुनिया अब लौ प्रकट भयो ।।
संसारको अधःस्थलमा भेट्न, छुट्टिदैं छौं हामी ।
अस्थायी वियोगलाई स्थायी ठानी रुँदै छौं हामी ।।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

तिमी हौ अथाह सागर, म हूँ सानो नदी ।
या मिलाऊ मलाई आफूमा, अथवा विशाल गर ।।
स्वर्गबाट किन दिएको मलाई आदेश यात्राको ।
संसारका काम लामा छन्, अब गर प्रतीक्षा मेरो ।।
प्रलयको दोस्रो दिन जब हुनेछ प्रस्तुत मेरो कर्म पुस्तक ।
तिमी हुने छौ लज्जित, म पनि हुनेछु लज्जित ।।

अचम्म छ, हुँदा हुँदै कृपा पनि
कृपण छ प्रकृति किन,
जस्तो निर्मल माणिकमा
आगो छ, तर छैन त्यसमा झिल्को कुनै ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
ताराहरू भन्दा टाढा, संसार अरु पनि छन् ।
अहिले त प्रेममा, परीक्षा अरु पनि छन् ।।
केवल जीवनले बनेका वातावरण होइनन् यी ।
यहाँ सैकडौं यात्री-दल अरु पनि छन् ।।
हरायो एक गुंड भने के शोक गर्नें ।
आर्तनादका स्थान अरु पनि छन् ।
तँ बाज होस्, हो उडने काम तेरो ।
तेरा समक्ष, आकाश अरु पनि छन् ।।
यसैमा अल्झेर दिन-रात न बस् ।
तेरो त संसार, अरु पनि छन् ।।
हिजो थिएँ गोष्ठीमा एकाकी म ।
यहाँ मेरा मर्मज्ञ अरु पनि छन् ।।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

सौन्दर्यको यथार्थता

सौन्दर्यले ईश्वरसित एक दिन प्रश्न गऱ्यो ।
पृथ्वीमा तिमीले मलाई अमर गर्न किन कठिन पऱ्यो ?
मिल्यो जवाफ चित्रशाला हो दुनिया ।
मृत्युको लामो रातको कथा हो दुनिया ।।
परिवर्तनशीलताको रङबाट जब भयो उत्पत्ति यसको ।
त्यही मुस्कान नै पतनको यथार्थता हो जसको ।।
कहीं नजीकैको चन्द्रमाले यो कुराकानी सुन्यो ।
आकासमा कतै बिहानको ताराले सुन्यो ।।
ताराले सुनी प्रभातबाट, सुनायो शीतका थोपालाई ।
आकासको कुरा बतायो, पृथ्वीका भेदीलाई ।।
तब आए फूलका आँसु, शीतको सन्देशले ।
कलीको कलिलो मन रक्त-रंजित दुःखले ।।
वाटिकाबाट लौ रुँदै बसन्तको मौसम गयो ।
यौवन आएथ्यो गर्न विनोद, तर उदास भइ फर्क्यो ।।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

मादकता पिलाई खसाउन त आउँछ सबैलाई ।
हुन्छ आनन्द जब देऊ सहारा खस्न आँटेकालाई साकी ।।
मर्दैं छन् पुराना मद्यप जति सबै ।
कतैबाट अमृत लिएर आऊ साकी ।।
कट्यो रात तिम्रो कोलाहलमय ओछ्यानमा ।
प्रभात नजीक छ, ईश्वरको नाम लेऊ साकी ।।

जसलाई थियो हेरने इच्छा, ती सबै विदा भइ सके ।
अब तिमी साधारण दर्शकको वचन लिइ आयौ त के ।।
मधुशालाबाट ती पुराना आगो पिउने गइ सके ।
साकी तिमीले आगोको प्याला ल्यायौ त के ।।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

यो आकासको गुंबज, यो एकान्तको अवस्था ।
मलाई त तर्साउँदैछ, यो मरुभूमिको विशालता ।।
बाटो बिर्सेको पथिक हूँ म, बाटो बिर्सेको पथिक तिमी ।
लक्ष्य हो कहाँ तिम्रो, ए मरुस्थलका फूल तिमी ।।
तिमी हाँगाबाट किन फुट्यौ, म हाँगाबाट किन टुटें ।
उत्पन्न हुने एक भावना, अनुपमताको आनन्द एक ।।
त्यस तरंगको मृत्यु-शोकमा भुंमरीको आँखा रुन्छ ।
उठ्यो नदीबाट, तर किनारा सित गएन ठोकिन ।।
मनुष्यको तातो बाटै, संसारको हल्ला तातो ।
सूर्य पनि कौतुक-दर्शी, तारा पनि कौतुक-दर्शी ।।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

एक पनि पत्र कम भए, त्यो फूल, फूल होइन ।
जसले शरद् देखेन, त्यो बुल बुल, बुलबुल होइन ।।
इच्छाको रक्तले रंगिएको छ कथा दिलको ।
भावनाको संगीत हुन्न पूरा, विना आर्तनादको ।।
आनन्दको सपनाबाट दुःखले बिउँझाउँछ युवावस्थालाई ।

बजाउने यही छल्लाले नै जगाउँछ बाजालाई ।।
मधुर हो आगमन वसन्तको
एक गुलाफले भन्न पुग्यो,
यस वाटिका बाहिर एक युग बाँच्नु भन्दा
एक क्षण यहाँ बाँच्नु मीठो ।
कुनै प्रेमीले लगाउन् आफ्नो टोपीमा
तिमीलाई टिप्नु अघि,
यस वाटिकाको हरियो काखमा
मृत्यु हुनु झन् मिठो ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

साँच्ची भनूँ ए ब्राह्मण ! नराम्रो नमान्नु है,
तिम्रा मन्दिरका मूर्ति भए पुराना है ।।
आपसको शत्रुता के मूर्तिहरूबाट सिक्यौ तिमीले ।
युद्ध गर्न सिकाए के इस्लामी उपदेशकलाई भगवान्ले ।।
वाक्क आएर मैले आखिर मन्दिर र काबा छाडें ।
उपदेशकको उपदेश छाडें, तिम्रा पुराण पनि छाडें ।।
पत्थरका मूर्तिहरूमा संझ्यौ भगवान् तिमीले ।
देशको माटोको कण कणलाई भगवान् संझें मैले ।।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

आऊ वैर-भावको पर्दा एक पल्ट पुनः उठाऊँ ।
छुट्टिएकालाई मिलाऊँ, दुइको चिन्ह नै मेटाऊँ ।।
खाली छ धेरै कालदेखि मनको यो बस्ती ।
आऊ एक नया शिवालय यस देशमा बसाउँ ।।
दुनियाँका तीर्थ भन्दा अग्लो तीर्थ होस् आफ्नो ।
आकासको पछ्यौरामा जोडौं कलश त यसको ।।
प्रत्येक बिहान गाऔं ती मंत्र मीठा मीठा ।
सारा पुजारीलाई मदिरा प्रीतको पिलाउँ ।।
शक्ति पनि छन्, शान्ति पनि छन्, भक्तका गीतमा ।
धर्तीका वासीको मुक्ति छ प्रीतमा ।।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

देखाउ संसार जलाउने सौन्दर्य आफ्नो सजल आँखालाई ।
जो तडपाउँछ पुतलीलाई, रुवाउँछ शीतलाई ।।
ए लोलुप ! तिम्रो हेर्ने मात्र होइन उद्देश्य यसको ।
बनाएको कसैले केही अर्थले आँखालाई मनुष्यको ।।

ए धर्मोपदेशक, गऱ्यौ आसीन उनलाई सातौं आकासमा ।
तर त्यो ईश्वर के हो जो भक्तहरूसित टाढा रहोस् ।।
मेरो दृष्टिमा त्यो मद्यप, मद्यप होइन ।।
जो होशियारी र मस्तीमा फरक गरोस् ।।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

जुन सासको लहरले दिन्छ मृत्यु-सन्देश मलाई ।
त्यसै सासको लहरले ओठ गाउँछन् तिम्रा गीतलाई ।।
म जली रहेछु, मेरो प्रकृतिमा निहित छ जलनु ।
तिमी हौ ज्योतिर्मय, होस् शलभलाई प्रेम तिम्रो ।।
यद्यपि छौ दीप्त, तर छैन तिमीमा भित्री आगो ।
ज्वाला हो तिम्रो मरुस्थलको फूल-रूपी दीपक जस्तो ।।
सम्झ तिमी मन तिम्रो सुन्दर उपनाम हो साकी ।
मधुशाला प्यासो छ, तर तिम्रो पात्र छ रित्तो साकी ।।

मेरो प्रारम्भ के हो भनी बुद्धिमान्हरूसित के सोधने ।
म यस चिन्तामा रहन्छु, मेरो अन्त के हो भन्ने ।
अहंभावलाई उठाऊ यति माथि, भाग्य निर्माण भन्दा अघि
सोधुन् भक्तसित भगवान्ले तिम्रो इच्छा के हो भनी ।।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

लाभ हानिको चिन्ता भन्दा उच्च छ लौ जीवन यो ।
कहिले प्राण वायु कहिले मृत्यु हुने लौ जीवन यो ।।
आज भोलीको मापकले तिमी ननाप लौ यसलाई ।
शाश्वत निरंतर गतिशील प्राण-वायु लौ जीवन यो ।।
आफ्नो संसार जन्माउ आफैं यदि छौ भने जीवितहरूमा ।
रहस्य मनुष्य र अन्तःकरण ईश्वर हो लौ जीवन यो ।।
दासतामा निसासिन्छ यो, थोरै जलको नदीमा जस्तै ।
स्वतन्त्रतामा भने अथाह सागर लौ जीवन यो ।
आफ्नो विजय शक्तिले नै हुँदै जान्छ प्रकट यो ।
यद्यपि माटोको आकारमा लुकेको छ लौ जीवन यो ।।
तिमी फोका जस्तै जीवनरूपी सागरबाट उठेको ।
यस अनिष्ट घरमा हो जाँच लौ जीवन यो ।
माटोको एक राशि हुन्जेल तिमी काँचो हौ ।
परिपक्व भए पछि धारिलो तरवार हौ ।
होस् जसलाई सत्यताका निमित्त मर्ने उत्कंठा ।
पहिले आफ्नो माटोको शरीरमा प्राण वायु जन्माउ ।।
यो अस्थाई आकास र धर्ती जलाइ हाल ।
त्यसको खरानीबाट आफ्नो संसार वनाइ हाल ।।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

यो सूर्य के हो, यो अग्लो आकास के हो ।
यो बिहान बेलुकाको अनुक्रम पनि कस्तो हो ।
आफ्नै देशमा छू अथवा परदेशी छू ।
हेर्दा यो मरुस्थल र पहाडलाई म डराउँछु ।।
हुँदैन उद्घाटित रहस्य मेरो जीवन यात्राको ।
ल्याउँ कताबाट मैले कुनै पारखीलाई ।।
बुअली[1] पनि अचम्म छन् म आएँ कहाँबाट भनी ।
रूमी[2] पनि सोच्दछन् जान्छु म कता भनी ।
जान्छु केही टाढासम्म एक पथिकका साथ ।
चिन्दिन म पथ-प्रदर्शकलाई अझै पनि ।।

---

१ एक प्रसिद्ध दार्शनिक

२ ईरानका एक प्रसिद्ध दार्शनिक

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

प्रभातको शीत समीरमा डराउँदै ।
ताराहरूले भने चन्द्रमालाई ।।
वरिपरि आकाशको दृष्यमा हुँदैन कुनै परिवर्तन ।
तर चम्की चम्की हामी थाकी सक्यौं ।।
बिहान बेलुका गतिमय हुनु हाम्रो काम ।
हिंडनु, हिंडनु र हिंडनु निरन्तर ।।
यस संसारको सबै वस्तु व्याकुल छ ।
कतै पनि शान्ति देखिन्न ।।
के हुन्न यस यात्राको अन्त कहिल्यै ?
के लक्ष्य देखिने छ कहिल्यै ?
भन्यो चन्द्रमाले ए मेरा साथीहरू ।
ए रातका खेतीको बाली टिप्नेहरू ।।
कर्मले नै छ जीवन संसारको ।
यो प्रथा हो प्राचीन यहाँको ।।
यस पथमा पर्खने कुरा व्यर्थ छ ।
निहित स्थिरतामा त मृत्यु छ ।।
गतिमान्‌हरू सफल भएका छन् ।
गतिहीनहरू कुल्चिन पुगेका छन् ।।
यस गतिको अन्त सौन्दर्य हो ।
प्रारम्भ हो प्रेम, र अन्त नै सौन्दर्य हो ।।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

एक ओइलाएको गुलाफ

तिमीलाई मैले एक फूल कसरी भन्ने -
बताऊ मलाई, ए ओइलाएका गुलाफ ।
तिमीलाई त्यस्तो प्रेयसी कसरी भन्ने
जसका निमित्त उज्यालो हुन्छ मेरो मन ।
हावाका मृदु लहरहरूले तिमीलाई झुलाए,
तिम्रो वितेका समयहरू हल्लाए ।
कुनै समय थियो नाम तिम्रो हँसिलो गुलाफ
फूलहरूका देशमाः
बिहानको मृदु समीरले
पायो तिम्रो आशिर्वाद,
अन्तर बनाउनेको पात्र जस्तै तिम्रो सासले
पाऱ्यो सुगन्धित वाटिका कुंजलाई ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

भरिएका छन् यी आँखा, र शीत झैं
टम्म भई तिमीमाथि पुनः खस्दछन् ।
यस निर्जन मनले अस्पष्ट रूपले ।
पाउँछ तिम्रो वेदनामा आफ्नै प्रतिबिम्ब ।
संक्षिप्त लेखा जोखा जस्तै

संगालो सब वेदनाको ।
मेरो जीवन एक सपनाको थियो
त्यसको विपना नै तिमी थियौ ।
म सुनाउँछु कथा आफ्नो
जंगलबाट टिपिएको नरकट जस्तै ।
ए गुलाफ सुन तिमी
दुःख एक निर्वासित हृदयको ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

नव चन्द्र

दिवसको उज्वल ढुंगा नील नदीको
भुंमरीमा डुब्न गयो,
एउटा टुक्रा भुंमरीमा घुम्दै
बगी रहेछ,
आकासको बटुकोमा रक्त-थोपा
सन्ध्याको लालिमामा बग्दछन्-
के प्रकृतिले सूर्यको तातो नशामा
आफ्नो कर्द रोपेको हो ?
के त्यो कुनै कुण्डल हो जसलाई
साँझको रानीबाट आकासले चोरेको ?
अथवा पानीबाट कुनै रूपौला माछा
काँप्दै सलल बगी रहेको ?
कुनै बिगुल नबजाई, तिम्रो यात्री-दल
अघि बढदै छ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

मानव कानले नसुन्ने गरी तिम्रो स्वर
अझै सुस्तरी बोल्दै छ
कुन हो देश तिम्रो ?
कुन देश तिर छ बाटो तिम्रो ?

तिमी अझै घुम्दै छौ, आफ्नै पथमा
लग आफूसित मलाई पनि,
लगी हाल तत्कालै जब वेदनाका काँडा
मलाई छन् घोची रहेका ।
म यस संसारमा, ज्योति छामछुम गर्दै
वेदना ली बसी रहेछु ।
अस्तित्वको कक्षामा एक बालक जस्तै
पहेंलो पारो बग्ने जस्तै ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

विछोड

सूर्यले सुनौला ताराहरूले बुनी रहेछ-
पृथ्वीको शिरमाथि ज्योतिको आवरण एक,
सृष्टि छ स्तब्ध परमानन्दले
परमात्माका समक्ष ।
के थाहा पाउन्-
प्रपात, पर्वत, चन्द्र र ताराले,
पीडा विछोडको ।
दुःख त छ सुनौला मेरो,
यसै माटोलाई मात्र
थाहा छ वेदना मेरो ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

समय

के बैलाई सक्यो, के छ बैलाउँदै,
यो तथ्य सक्दैन भन्न कसैले पनि,
समय अझै आफ्नो जन्मको निकटतामा
छ बाल्न परेको आशाले ।
मेरो सुराहीबाट थोपा थोपा जस्तै
समयका नवीन छटाहरू
नयाँ सन्देश ली खसी रहेछन्, सुनाउँदै,
दिवस र रात्रीको ज्ञानाले
उनिएका मालाहरू
लिई म भने गनी रहेछु ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

साकीप्रति

बसन्तको यात्री-दलले
आफ्नो पाल टाँग्न पुग्यो,
यी पाखाहरूमा
जादू ओर्लें जस्तै छ ।
नलिनी, गुनकेसरी, गुलाफ
जता तत्तै पुष्पित छन्,
पोस्ताका फूलले
पृथ्वीको अनुहारमा
रातो आवरण ढाके जस्तै छ ।
पाखा पहरा जता तत्तै
स्पन्दित छन्,
नीलो आकासमा जता तत्तै
पक्षीहरू उडी रहेछन् ।
माथि पहराबाट
खोला एक,
कलकल गर्दै, सललल बग्दै,
कतै हुत्तिदै, कतै बामे सर्दै,

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कतै लरबरिएर अघि बढ्दै,
सैयौं घुम्तिबाट जाँदै,
पत्थरहरूमा ठक्कर खाँदै,
पर्वतको हृदयबाट बग्दै ।
हेर ए साकी,
सुन्दर तिमी पोस्ताको फूल जस्तै
सुन कसरी यसले
गाउँदै छ जीवन गीतलाई ।
गुलाफ सँधै फुल्दैन,
तसर्थ खन्याऊ मलाई,
अग्नि तुल्य मदिरा तिमी,
जसले सबै घुम्टो उघारिदियोस्,
अंगूरी शराब जसले गरोस् चित्रित
उज्वल रूपले
जीवनको आत्मालाई ।
त्यो मदिरा जो हुन्छ
विश्वको आनन्द सर्वोत्तम,
जसले राख्छ अनन्त हर्षोन्माद

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

तर गर्छ उद्‌घाटित
शाश्वत गोपनीयतालाई:-
ए साकी, अब उठाऊ
त्यो गूढ पर्दालाई,
र अब सकोस्
यस निर्धो भँगेरोले
हाँक दिन
बाजको चुच्चोलाई ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

पृथ्वी ईश्वरको हो

भूमिको अंधकारमा बीज कसले अंकुरित गर्छ ?
समुद्रको तरङ्गबाट बादल कसले माथि लग्छ ?
पश्चिमबाट समीर उपयोगी कसले यहाँ ल्याउँछ ?
सूर्य ज्योति र अनि यो माटो कसले बनाउँछ ?
कसले अन्नका मोती र गहूँमा लर्कन भन्यो ?
कसले महिनाहरूलाई परिक्रमा गर्न भन्यो ?
हे भूमिपति, यो भूमि न तिम्रो हो न मेरो हो ।
न तिम्रो पुर्खाको हो, न तिम्रो हो न मेरो हो ।

सूर्य र चन्द्र छिमेकी भएको प्रशस्त भयो
प्रभातको आगमनको यो सूचना प्रशस्त भयो ।
ग्रहहरूको निवास मेरा निमित्त निरर्थक हुन्,
तल पृथ्वीका घर नै यी उचाई भन्दा असल हुन् ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

जिबरील र इब्लीस*

जिबरील:

ए पुराना मित्र ! रङ्ग र सुगन्धको संसार कस्तो छ ।

इब्लीस:

मनको तपन, दुःख र पीडा, इच्छा र आकाँक्षा यहाँ ।

---

* जिबरील: अनुकम्पाको देवदूत ।
इब्लीस: ऊ पनि पहिले देवदूत थियो तर ईश्वरको आज्ञा पालन नगर्नाले दण्ड स्वरूप शैतान बन्यो । इस्लामी परंपरा अनुसार यसको काम मनुष्यहरूलाई दुष्कर्ममा लगाउनु हो ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

जिबरील:

स्वर्ग लोकमा हुन्छ सदैव विषयमा कुरा तिम्रो ।
के हुन सक्दैन, रफ्फू फाटेको लुगामा तिम्रो ?

इब्लीस:

आह जिबरील, तिमीलाई यो रहस्य रहेन छ थाहा ।
फुटनाले मेरो मद पात्र त्यहाँ म पागल झैं भएँ ।।
अब यहाँ मेरो वास संभव छैन, संभव छैन ।
कस्तो निस्तब्ध छ, महल र बाटो रहित यो संसार ।।
जसको निराशाले होस् ब्रह्माण्डमा चहल पहल ।
उसको पक्षमा निराशा असल वा आशा असल ।।

जिबरील:

तिम्रो अवज्ञाले हरायौ आफ्नो उच्च स्थान लौ ।
ईश्वरको दृष्टिमा देवदूतको अब के रह्यो सम्मान लौ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

इब्लीसः

मेरो साहसले नै मुठ्ठी भरी माटोमा (मानिसमा)
विकासको अभिरुचि भयो ।
मेरो विद्रोह नै हो तानावाना बुद्धिरूपी
पोशाकको ।
तिमी त हेर्दछौ किनारबाट संघर्ष असल नअसलका बीच
आँधीको थप्पड खाँदैछ कसले, मैले वा तिमीले ।।
परामर्शदाता विवश, पथ-प्रदर्शक पनि विवश ।
ए मेरो आँधी बगीजा प्रत्येक नदी-नालामा ।।
प्राप्त भए एकान्त तँलाई, ईश्वर सित प्रश्न गर ।
रक्तले कसले रंगायो मानव- कथा यो आजको ।।
ईश्वरको हृदयमा भएको छु म काँडो सरह ।
तिमी भने भन्छौ, ईश्वर उही हो,उही हो,उही हो भनी ।।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कवि

म तिम्रो चन्द्रमाको खेतीमा मोती रोप्दछु,
मानिसहरूबाट लुकेर म बिहान सरह रुन्छु ।
दिउँसोको हल्ला खल्लामा निस्कन लाज लाग्छ,
रातको एकलासमा आँशु मेरा खस्दछन् ।
ममा निहित पुकार यो सुनाऊँ कसलाई,
दृश्य तपन-अभिलाषाको देखाऊँ कसलाई ।
मेरो मनमा ईश्वरीय चमत्कार रोइ रहेछः
हेर्न सक्ने आँखा कुन्नि कता सुती रहेछ ।
चिहानको दियो जस्तै मृत तुल्य छ गोष्ठी मेरो,
ओहो, ए रात! छ गन्तव्य धेरै टाढा मेरो ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

भगवान् र मनुष्य

भगवान्

मैले माटो र पानीबाट यो संसार बनाएँ,
तिमीले तारतारिया, नुबिया र ईरान बनायौ ।
मैले माटोबाट फलामको धाउ बनाएँ,
तिमीले त्यसको तलवार, वाण र बन्दूक बनायौ ।
तिमीले वाटिकाका वृक्ष काट्न बंचरो बनायौ,
तिमीले गीत गाउने चरा बन्दी गर्न पिंजडा बनायौ ।

मनुष्य

तिमीले रात बनायौ, मैले दियो बनाएँ,
तिमीले माटो बनायौ, मैले प्याला बनाएँ ।
तिमीले मरुस्थल, पर्वत र उपत्यका बनायौ,
मैले फूल, वाटिका र फलोद्यान बनाएँ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

लेखकका अन्य कृतिहरू

(१) जनतन्त्रवाद

(२) जनतन्त्रवादको रूपरेखा

(३) पाश्चात्य राजनैतिक दर्शनको ऐतिहासिक विवेचना

(४) राजा इडिपस (अनुवाद)

(५) राजा इडिपस (हिन्दी अनुवाद)

(६) एण्टीगनी (अनुवाद, राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित)

(७) चू याँ (" " ")

(८) एगामेमनन् (" " ")

(९) नल र दमयन्ती (प्रकाशक, टाटा–मैकग्राहिल)

(१०) गेसर (भूटान, तिब्बत र मंगोलियाको सबभन्दा प्रसिद्ध पौराणिक ग्रन्थ) भूटानमा प्रकाशनाधीन

(११) भगवान् बुद्धका उपदेश प्रकाशक, बुक्यो देन्दो क्योकाई बुद्ध धर्म प्रबर्धन प्रतिष्ठापन, जापान

(१२) नेपाल, पर्यटकहरूका निमित्त एक रोचक वृतान्त अंग्रेजीमा प्रकाशक, सूचना विभाग

(१३) भूपरिवेष्ठित राज्यहरूको पारवहन व्यापार अंग्रेजीमा प्रकाशक, द इन्स्टिट्यूट आफ सोशल स्टडीज, द हेग, हालैण्ड

रमण रेग्मी कल्याणी रेग्मी स्मारक
Kalyani Regmi Memorial
Raman Regmi
Kathmandu, Nepal

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

मुद्रकः- गोरखापत्र संस्थान धर्मपथ, काठमाडौं नेपाल ।